सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ चैत २०८०, शुक्रबार (29 Mar 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सत्तागठबन्धनमा सहमति कार्यान्वयन सुरु

राष्ट्रिय सभा उपाध्यक्ष उर्मिला अर्यालको राजीनामा

राष्ट्रिय सभा उपाध्यक्ष, राष्ट्रपतिबाट मनोनीत हुने सांसद, प्रदेशका मुख्यमन्त्री र मन्त्रीको विषय प्याकेजमै टुंगो लगाइने

ओली फर्किएपछि टुंग्याउने तयारी

(विस्तृत पृष्ठ ३)

यसरी बन्न सक्छ यथार्थपरक बजेट



अग्रलेख

● गोपीनाथ मैनाली

बजेटलाई वास्तविक बनाउन ठूलो विज्ञता चाहिँदैन, इमानदार सोच र त्यसलाई कार्यरूप दिने तत्परता भए पुग्छ

(लेख पृष्ठ ४)

भारतले दिउँसो १२ घण्टा मात्रै विद्युत् दिने

सोमबारदेखि रातमा हुन सक्छ लोडसेडिङ



● नवीनराज सिंह
प्रवक्ता, ऊर्जा मन्त्रालय

भारतले दिउँसोको समयमा विद्युत् दिने गरी स्वीकृत पठाइसकेको छ। त्यसले दिउँसोको विद्युत् मागलाई सम्बोधन गर्न सहज हुनेछ। तर, रातिको समयका लागि भने चुनौती नै छ। तसर्थ, रातिको समयमा पनि विद्युत् उपलब्ध गराउन भारतमा पहल गरिरहेका छौं।

(लेख पृष्ठ ६)



एमडिएमएसमा ९२ करोड भ्रष्टाचार

दूरसञ्चारका दुई पूर्वअध्यक्ष, ११ बहालवाला कर्मचारी र परामर्शदातासहित २१ प्रतिवादी

खर्च भएको २३ करोड २० लाख ५९ हजार ३१४ रुपैयाँ पदाधिकारी, कर्मचारी र परामर्शदाताबाट अलग-अलग असुलउपर गर्नुपर्ने अख्तियारको माग दाबी

सुवास भट्ट/नयाँ पत्रिका

नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) खरिद गर्दा करिब ९२ करोड भ्रष्टाचार भएको ठहर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको छ। खरिद प्रक्रियामा संलग्न प्राधिकरणका दुई तत्कालीन अध्यक्ष, एक तत्कालीन वरिष्ठ निर्देशक र ११ बहालवाला कर्मचारीलाई प्रतिवादी कायम गरेर बिहीबार विशेष अदालतमा मुद्दा दायर गरिएको छ। संयुक्त उपक्रम (जेभी)को परामर्शदाता कम्पनी, त्यसको प्रमुख साझेदार र ती कम्पनीका जिम्मेवार पाँच कर्मचारीलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ।

कसरी भयो अनियमितता ?

(पृष्ठ २)

मोबाइल उपकरण सुरक्षित गर्न, अवैध मोबाइल आयात नियन्त्रण गर्न र अपराध न्यूनीकरणका लागि भन्दै प्राधिकरणले खरिद गरेको एमडिएमएसमा ९१ करोड ९८ लाख ३० हजार ८८२ रुपैयाँ भ्रष्टाचार भएको अख्तियारको ठहर छ। एमडिएमएस सञ्चालनमै नआएको अवस्थामा पनि 'सञ्चालनमा आएको' भनेर गलत लिखत तयार गरी प्राधिकरणले गत जेठमा सूचना प्रकाशन गरेपछि यस विषयमा अख्तियारले छानबिन थालेको थियो।

प्राधिकरणले १० वैशाख ०७५ मा एमडिएमएस विनियमावली, २०७५ स्वीकृत गरी ०७६ मा यसको खरिद ठेक्का लगाएको थियो। खरिद प्रक्रियामा संलग्न भएको आरोपमा अख्तियारले यसअघिका दुई पूर्वअध्यक्षलाई प्रतिवादी कायम गरेको छ। आफू तथा परामर्शदातालाई गैरकानुनी लाभ र नेपाल दूरसञ्चार प्राधिकरण/नेपाल सरकारलाई हानिनोक्सानी गरे/गराएको आरोपमा अख्तियारले प्राधिकरणका तत्कालीन अध्यक्षहरू दिगम्बर झा र पुरुषोत्तमप्रसाद खनाललाई प्रतिवादी बनाएको हो। खनालले गत २४ पुसमा कार्यकाल बाँकी छँदै राजीनामा दिएका थिए भने झा उनीअघिका अध्यक्ष हुन्। तत्कालीन निर्देशक/वरिष्ठ निर्देशक आनन्दराज खनालविरुद्ध

» पृष्ठ २ मा क्रमशः



दिगम्बर झा
प्राधिकरणका तत्कालीन अध्यक्ष



पुरुषोत्तम खनाल
प्राधिकरणका तत्कालीन अध्यक्ष



आनन्दराज खनाल
तत्कालीन निर्देशक/वरिष्ठ निर्देशक

■ मुद्दा दायर गरिएका बहालवाला ११ कर्मचारीमध्ये तीनजना निर्देशक



मीनप्रसाद अर्याल
(स्तरीकरण महाशाखा)
तत्कालीन निर्देशक



दीपेश आचार्य
(प्रशासन महाशाखा)
तत्कालीन निर्देशक



सुरेन्द्रलाल हाडा
(पूर्वाधार महाशाखा)
तत्कालीन उपनिर्देशक

- **विनोदचन्द्र श्रेष्ठ**, तत्कालीन सहायक निर्देशक/उपनिर्देशक (हाल : ग्रामीण दूरसञ्चार विकास शाखाका उपनिर्देशक)
- **रेवतीराम पन्थ**, तत्कालीन सहायक निर्देशक/उपनिर्देशक (हाल : योजना तथा व्यवस्थापन सूचना प्रणाली शाखाका उपनिर्देशक)
- **सन्दीप अधिकारी**, तत्कालीन सहायक निर्देशक/उपनिर्देशक (हाल : अनुमतिपत्र व्यवस्थापन शाखाका उपनिर्देशक)
- **सूर्यप्रसाद लामिछाने**, तत्कालीन सहायक निर्देशक/उपनिर्देशक (हाल : अनुमतिपत्र व्यवस्थापन शाखाका उपनिर्देशक)
- **अच्युतानन्द मिश्र**, तत्कालीन उपनिर्देशक (हाल : फ्रिक्वेन्सी, सेवा गुणस्तर तथा सेवा प्रवाह अनुगमन शाखाका उपनिर्देशक)
- **विजयकुमार राय यादव**, तत्कालीन सहायक निर्देशक (हाल : आर्थिक प्रशासन शाखाका सहायक निर्देशक)
- **प्रतीक्षा पौडेल**, तत्कालीन सहायक निर्देशक (हाल : फ्रिक्वेन्सी वितरण तथा व्यवस्थापन शाखाकी सहायक निर्देशक)
- **नीराजन कोइराला**, तत्कालीन सहायक निर्देशक (हाल : फ्रिक्वेन्सी वितरण तथा व्यवस्थापन शाखाका सहायक निर्देशक)

परामर्शदाता कम्पनीहरू र तिनका पाँच कर्मचारी पनि प्रतिवादी

एमडिएमएसको परामर्शदाता एमरएस न्युमेरा मलेसिया-नमस्ते ग्लोबल कम्युनिकेसन प्राले सिंगापुर-ओएसआई कन्सल्टिङ प्राले भारत (जेभी)विरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ। जेभीको नेतृत्वकर्ता साझेदार न्युमेरा मलेसियालाई अलग्गै प्रतिवादी बनाइएको छ। न्युमेराको 'ग्रुप' अध्यक्ष मोद नूर अमिन बिन मोद नूर खान, त्यसै कम्पनीमा कार्यरत रहेका एमडिएमएस खरिद कार्यको वार्तामा संलग्न मोहमेद सिहब बिन कुन्ही मोहमेद, कम्पनीकै प्रमुख कार्यकारी अधिकृत अनुज सिंह एक्स र कम्पनीका उत्पादन विशेषज्ञ जमिल अहमेदलाई अख्तियारले प्रतिवादी कायम गरेको छ। जेभीमा संलग्न अर्को साझेदार कम्पनी नमस्ते ग्लोबल कम्युनिकेसन प्राले सिंगापुरका निर्देशक कवीन्द्रराज मल्ल पनि प्रतिवादी बनेका छन्। कम्पनी र यी व्यक्तिविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम लाभ प्राप्त गर्ने प्रकृतिको मतियारको कसुरमा हानि भएको २३ करोड २० लाख ५९ हजार ३१४ रुपैयाँ बिगो कायम गरी उनीहरूबाट असुलउपर गर्न माग दाबी गरिएको छ।

एमडिएमएस खरिदमा अख्तियारले औंल्याएको अनियमितता



- खरिदपूर्व गर्नुपर्ने अनिवार्य कार्य नगरेको, विस्तृत अध्ययन नगरिएको
- गुरुयोजना तयार गरी स्वीकृत गर्नुपर्ने कानुनी व्यवस्थालाई अनदेखा गरिएको
- वस्तु र परामर्श सेवाको खरिद विधि नै फरक रहेकामा दुवैमा परामर्श खरिदलाई आधार मानिएको
- परामर्शदाताको लागत अनुमानमा कार्यविवरण र लागत अनुमानका आइटमबीच सामञ्जस्य नदेखिएको
- कानुनविपरीत अस्वाभाविक लागत तयार गरी स्वीकृत गरिएको
- विदेशी कम्पनीलाई सञ्चालन तहको पूर्णजिम्मेवारी दिएर डाटाको गोपनीयता तथा संवेदनशीलता ख्याल नगरेको
- प्रतिस्पर्धा सीमित गरेको
- दोहोरिने गरी अस्वाभाविक रूपमा बढी सामान अधिक मूल्य कायम गरी बोलपत्र कागजात बनाएको
- गलत लिखत तयार गरेको
- सरकारी तथा सार्वजनिक कागजात लुकाएको वा नष्ट गराएको

सञ्चार मन्त्रालयको छानबिन प्रतिवेदनले पनि औंल्याएको थियो अनियमितता

सञ्चार मन्त्रालयका सहसचिव गौरव गिरी नेतृत्वको चार सदस्यीय छानबिन समितिले पनि एमडिएमएस खरिद प्रक्रियाको प्रस्थानविन्दुबाटै अनियमितता सुरु भएको निष्कर्ष निकालेको थियो। अनियमितताको उजुरी परेपछि मन्त्रालयले गत २४ कात्तिकमा छानबिन समिति गठन गरेको थियो। गिरी नेतृत्वको समितिमा सञ्चार मन्त्रालयकै लेखा शाखाका उपसचिव श्रीधर ज्ञवाली र प्रशासन शाखाका उपसचिव नारायण तिमिल्सिना सदस्य थिए भने कानुन अधिकृत विष्णु ओली सदस्यसचिव थिए।

प्राधिकरण नेतृत्व, पदाधिकारी र कर्मचारीहरू खरिद, कानुन र त्यसको अभ्यासमा संवेदनशील नभएको, प्राधिकरणसँग खरिदसम्बन्धी प्राविधिक क्षमता अत्यन्त कमजोर रहेको, सम्बद्ध तथा सरोकारवालासँगको अन्तर्सम्बन्ध र समन्वय नभएको, कामको नियमित अनुगमन, मूल्यांकन र परीक्षणको संयन्त्र नभएकोलगायत कमजोरी औंल्याउँदै समितिले त्यस्ता पदाधिकारी, कर्मचारी तथा परामर्शदातासमेतलाई कारबाहीको सिफारिस गरेको थियो। छानबिनमा अख्तियारले यो प्रतिवेदनलाई पनि आधार लिएको थियो।

गोर्खा पेन्सनबारे नेपाल-बेलायत बैठक असफल

● **बेलायती रक्षा राज्यमन्त्री एन्ड्रिउ मुरिसनले भने–**



हामी कानुनी रूपमा पेन्सनको माग सम्बोधन गर्न सक्दैनौं। अदालतमा मुद्दा हालेर जित्नुस्, त्यसपछि मात्रै सम्बोधन हुन्छ।

● **जुदबहादुर गुरुङ**, पूर्वमेजर



दुई वर्ष सात महिनापछि वार्ता शून्य प्रतिफलको अवस्थामा पुग्यो। केही उपलब्धि हुन सकेन।

● **ज्ञानराज राई**, गोर्खा अभियन्ता



अब बढीमा डेढ महिना पर्खिन्छौं। बेलायत हाम्रो माग सम्बोधन गर्न तयार भएन भने आन्दोलन थाल्छौं।



भूपू गोर्खाका प्रतिनिधिसहित दुई देशबीच बुधबार भएको मन्त्रीस्तरीय चौथो वार्ता। बेलायतको रक्षा मन्त्रालयमा पौने दुई घण्टा चलेको बैठकको नेतृत्व नेपाल सरकारका तर्फबाट बेलायतका लागि राजदूत ज्ञानचन्द्र आचार्य, बेलायत सरकारका तर्फबाट रक्षा राज्यमन्त्री एन्ड्रिउ मुरिसन र भूपू गोर्खाहरूका तर्फबाट पूर्वमेजर जुदबहादुर गुरुङले नेतृत्व गरेका थिए।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

भूतपूर्व गोर्खा सैनिकलाई बेलायतीसरह पेन्सनलगायत सुविधाका सम्बन्धमा नेपाल-बेलायतबीच साढे दुई वर्षदेखि जारी वार्ता असफल भएको छ। भूपू गोर्खाका प्रतिनिधिसहित दुई देशबीच बुधबार भएको मन्त्रीस्तरीय चौथो वार्तामा बेलायतले कानुनी र व्यावहारिक अड्चन देखाउँदै गोर्खा पूर्वसैनिकलाई बेलायतीसरह पेन्सन दिन नसक्ने अडान राखेपछि वार्ता असफल भएको छ।

बेलायती पक्षले अदालतको आदेश आएमा मात्रै गोर्खाको माग पूरा गर्न सक्ने अन्यथा बेलायतको मौजुदा कानुनले उनीहरूको माग पूरा गर्न नसक्ने बताएपछि भूपू गोर्खा प्रतिनिधिले वार्ता असफल भएको निष्कर्ष निकालेका छन्। बेलायतको रक्षा मन्त्रालयमा बुधबार पौने दुई घण्टा वार्ताको मुख्य एजेन्डा पेन्सन थियो।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

इलाम २ मा रास्वपाको उम्मेदवार मिलन लिम्बू



पार्टी कार्यालयमा ६ आकांक्षीसँग पाँच घण्टा लामो छलफलपछि लिम्बूलाई उम्मेदवार बनाउने रास्वपाको केन्द्रीय निर्वाचन आयोगको सर्वसम्मत निर्णय

नयाँ पत्रिका


राष्ट्रिय स्वतन्त्र पार्टीले इलाम २ मा १५ वैशाखमा हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि मिलन लिम्बूलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। रास्वपाको केन्द्रीय निर्वाचन आयोगले बिहीबार पार्टी कार्यालयमा ६ जना आकांक्षीसँग छलफल गरेर लिम्बूलाई सर्वसम्मत उम्मेदवार टुंग्याएको हो। लिम्बूले पहिला नै स्वतन्त्र उम्मेदवारीको घोषणा गरिसकेका थिए।


इलाम २ मा उम्मेदवार बन्न रास्वपामा लिम्बूसहित गोकुलबहादुर राई, जमुना शर्मा, महेन्द्रकुमार थापा, मानबहादुर घिमिरे र डा. शेषरमण न्यौपानेले पार्टीको निर्वाचन आयोगमा नाम दर्ता गराएका थिए। महामन्त्री डा. मुकुल ढकालसहित

» पृष्ठ २ मा क्रमशः

एक वर्षमा प्रहरीमा ५९,०६१ मुद्दा

१० चैत ०७९ देखि फागुन ०८० सम्मको अवधिमा प्रहरीमा दर्ता भएको अपराधको ग्राफ र प्रकृति





टेकराज थामी/नयाँ पत्रिका

मुलुकभर हुने अपराधमा सबैभन्दा धेरै हिस्सा बैंकिङ कसुरको रहेको पाइएको छ। नेपाल प्रहरीले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार वर्ष दिनयता मुलुकभर बैंकिङ कसुरका मात्रै १३ हजार दुई सय ७७ मुद्दा प्रहरी कार्यालयमा दर्ता भएका छन्। यो मुलुकभर दर्ता भएका कुल मुद्दाको २२.४८ प्रतिशत हो। नेपाल प्रहरीले बिहीबार प्रहरी प्रधान कार्यालयमा संगठनको आइजिपी (प्रहरी महानिरीक्षक)मा वसन्तबहादुर कुँवर नियुक्त भएपछि वर्ष दिनयता मुलुकभर भएका अपराध घटनाका विवरण सार्वजनिक गरेको थियो। विवरणअनुसार यस अवधिमा मुलुकभर ५९ हजार ६१ वटा अपराधसँग सम्बन्धित मुद्दा प्रहरी कार्यालयमा दर्ता भएका छन्। तथ्यांकअनुसार सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धका कसुर पनि मुलुकभर हुनेमध्येका धेरै अपराध हुन्।

बैंकिङ कसुरका मुद्दा मात्र २३ प्रतिशत छन्



● **भीम ढकाल**, प्रवक्ता, नेपाल प्रहरी

मुलुकभर भएका अपराधका घटनालाई एकै ठाउँ ल्याएर विश्लेषण गरेका छौं। मुद्दा दर्ताका पक्षबाट हेर्दा सबैभन्दा धेरै बैंकिङ कसुरसँग सम्बन्धित अपराध भएको देखिन्छ। यसको हिस्सा झन्डै २३ प्रतिशत छ। सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धका कसुर पनि मुलुकभर हुनेमध्येका धेरै अपराध हुन्। आत्महत्यासँग सम्बन्धित अपराध पनि धेरै नै छन्। जबर्जस्ती करणी एवं आत्महत्याजस्तो अपराध परिवारमै, चिनजानकै व्यक्तिबाट धेरै हुने गरेको तथ्यांकले देखाएको छ। जनसंख्या, सहरीकरण, जनघनत्व आर्थिक क्रियाकलाप जहाँ धेरै हुन्छन्, त्यहाँ अपराधका घटना पनि धेरै हुन्छन्। अपराधका घटना किन हुन्छन् भन्ने सन्दर्भमा पनि प्रहरी संगठनले चासो राख्दै तथ्य संकलन र अनुसन्धान गर्ने नीति लिएको छ।

■ एसईई सुरु



बुढानीलकण्ठस्थित जेबी इंग्लिस स्कुल सेन्टरमा एसईई परीक्षा दिँदै विद्यार्थी। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

राष्ट्रिय परीक्षा बोर्डले बिहीबारदेखि सञ्चालन गरेको यस वर्षको एसईई परीक्षा देशभरका २,०६४ परीक्षा केन्द्रमा एकैसाथ शान्तिपूर्ण रूपमा भएको छ। परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार ८०६ विद्यालयका दुई लाख ५० हजार ७७२ छात्रा, दुई लाख ५३ हजार ६२७ छात्र र अन्य १५ जना गरी कुल पाँच लाख चार हजार ४१४ परीक्षार्थीले फाराम भरेको कक्षा १० परीक्षा नियन्त्रण कार्यालयका एसईई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले बताए। कुल परीक्षार्थीमध्ये पाँच सय ६ विद्यालयका १५ हजार ७४९ परीक्षार्थी प्राविधिक धारतर्फका रहेको उनले बताए। परीक्षामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका १५ जना परीक्षार्थी सहभागी छन्। परीक्षाका लागि सबैभन्दा कम मनाङ, मुस्ताङमा एक-एक परीक्षा केन्द्र र काठमाडौंमा सबैभन्दा बढी १२७ परीक्षा केन्द्र कायम गरिएको छ। जापानमा रहेको एभरेस्ट स्कुलमा कायम गरिएको एक परीक्षा केन्द्रबाट १५ छात्रा र आठ छात्र गरी २३ विद्यार्थीले परीक्षा दिँदै छन्। परीक्षाका लागि प्रत्यक्ष रूपमा ७७ हजार चार सय ८५ जना जनशक्ति परिचालन भएका छन्।

इलाम २ मा...

पृष्ठ १ बाट क्रमशः

नेताको उपस्थितिमा आकांक्षीबीच छलफल गराएर लिम्बूलाई टिकट दिने निर्णय गरिएको हो। 'छलफलपश्चात् लिम्बूलाई समर्थन गर्ने प्रतिबद्धता व्यक्त गर्दै अन्य उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिनुभएको छ,' निर्वाचन आयोगका सचिव भूमिनन्द बरालले भने।

छलफलमा सहभागी महामन्त्री ढकालले आकांक्षीहरूसँग पाँच घण्टा छलफल गरेर समग्र हिसाबमा लिम्बूलाई अघि सार्ने निष्कर्ष निकालिएको बताए। 'उहाँहरूसँग विभिन्न चरणमा छलफल गर्‍यौँ। आफू नभए कसलाई बनाउने, कस्तो खालको उम्मेदवार उपयुक्त हुन्छ, मतदाताको रुझान के छ भन्ने कोणबाट पाँच घण्टाको छलफलपछि मिलन लिम्बू छनोट हुनुभयो,' उनले भने।

लिम्बूलाई छान्दा स्थानीय उम्मेदवार हुनुपर्ने, जातीय सन्तुलन मिलाउनुपर्ने, युवा, शिक्षित, डाइनामिक, राजनीति बुझेको हिसाबले समग्रतामा हेरिएको महामन्त्री ढकालको भनाइ छ। यसैगरी, पार्टी सभापतिको राजनीतिक प्रतिवेदनमै उल्लेखित पार्टीमा समावेशिता प्रतिनिधित्व कमजोर भएको तथ्यलाई पनि ख्याल गरिएको थियो। 'यस हिसाबले जनजाति समुदायको युवालाई अवसर उपलब्ध गराइयो भने आगामी दिनमा सबै जातजातिले रास्वपालाई अपनत्व महसुस गर्ने र भविष्यलाई पनि राम्रो गर्छ भन्ने हो,' उनले भने।

उम्मेदवार छनोट भएपछि लिम्बूले आफू मैदानमा होमिइसकेपछि रास्वपासँग कुरा भएको र अहिले पार्टीको विश्वास प्राप्त गरेको बताए। 'अब पार्टीलाई अगाडि बढाउँदै पूर्णकालीन राजनीतिमा जीवन समर्पित गर्छु। इलामका जनता र देशका लागि सदा खटिन्छु,' उनले भने, 'निर्वाचन परिणाम निश्चित रूपमा जित्छौँ। राजनीतिक अवसरलाई खेर जान दिन्नँ।' एमालेले यसअघि नै स्वर्गीय सुवास नेम्वाङका छोरा सुहाङ नेम्वाङलाई उम्मेदवार बनाइसकेको छ। कांग्रेसले भने उम्मेदवारीबारे निर्णय लिएको छैन।

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Embassy of Switzerland in Nepal

Invitation for Bids (Repeat)

Swiss Agency for Development and Cooperation (SDC) invites bids from potential bidders (firms) to externally evaluate Motorable Local Roads Bridge Program Phase IV (Exit Phase).The detail bid information can be downloaded from the embassy/SDC website **https://www.fdfa.admin.ch/nepal** and **FDFA mandates platform**.The complete bid shall be submitted electronically via email to **kathmandu@eda.admin.ch** by 15.04.2024 until 23:00 hours Nepal Standard Time.

No telephone enquiries will be answered.

शिक्षक आवश्यकता !!

नेपाल प्रहरी कल्याणकारी कोषद्वारा सञ्चालित नेपाल पुलिस स्कूल, सामाखुसीमा रिक्त रहेका देहायका पदमा करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेका निम्न योग्यता पुग्ने नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ :

क्र.सं.	तह	विषय	सङ्ख्या	योग्यता
१.	मा.वि. तह तृतीय श्रेणी (कक्षा ९ र १०) आंशिक करार (पिरियड बेसिस)	लेखा विधि	१ (एक)	मान्यता प्राप्त शिक्षण संस्था बाट सम्बन्धित विषय (लेखा) लिई कम्तिमा द्वितीय श्रेणी वा कम्तिमा *2.8 GPA* प्राप्त गरि कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण। **द्रस्टव्य :** सम्बन्धित विषयहरुको कुल पूर्णाङ्कको कम्तिमा ५०% अंक वा *2.8 GPA* अनिवार्य प्राप्त गरेको हुनुपर्ने।
२.	मा.वि. तह तृतीय श्रेणी पूर्णकालीन करार	कम्प्युटर	१ (एक)	मान्यता प्राप्त शिक्षण संस्था बाट सम्बन्धित विषय (कम्प्युटर) लिई कम्तिमा द्वितीय श्रेणी वा कम्तिमा *2.8 GPA* प्राप्त गरि कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण। **द्रस्टव्यः** सम्बन्धित विषयहरुको कुल पूर्णाङ्कको कम्तिमा ५०% अंक वा *2.8 GPA* अनिवार्य प्राप्त गरेको हुनुपर्ने।

क) तलब स्केल : नेपाल सरकारले तोकेबमोजिम हुनेछ।
ख) दरखास्त बुझाउने अन्तिम मिति : २०८०/१२/२५ गते (कार्यालय समयभित्र)।
ग) दरखास्त फारम पाइने स्थान : नेपाल पुलिस स्कूल, सामाखुसी, काठमाडौं।
घ) परीक्षाको किसिम लिखित, प्रयोगात्मक र मौखिक।

थप जानकारीको लागि फोन नं. ०१४९५६१६०, ९८५१२८४२४०

नेपाल पुलिस स्कूल, सामाखुसी, काठमाडौं
का.म.न.पा.-३, रानीबारी मार्ग, काठमाडौं

प्यान नं. ३०३२१०६१ संस्था दर्ता नं. १३/०६२/०६३

"सबल दिगो सहकारी, पौरखी समृद्ध र सुखी सदस्य"

साहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
मन्थली, रामेछाप

ऋणको सावाँ, व्याज तिर्न आउने बारे ३५ दिने सूचना

प्रकाशित मिति : २०८०/१२/१५

संस्थाले पटकपटक मौखिक, टेलिफोन र लिखित अनुरोध तथा तारताकेता गर्दा समेत बेवास्ता गरी उल्लेखित ऋणी सदस्यहरुले संस्थालाई तिर्नुपर्ने सावाँ, ब्याज र विलम्ब शुल्क तिर्न बुझाउन नआउनु भएकोले मिति २०८०/०९/२१ गते बसेको संस्थाको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएकोछ।

अत : यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तिर्नुपर्ने सावाँ, ब्याज र विलम्ब शुल्क तिर्नुहुन र तिरेको भए निस्सा प्रमाण पेश गर्नुहुन अनुरोध छ।

अन्यथा सहकारी ऐन, सहकारी नियमावली, अन्य प्रचलित कानुन, संस्थाको विनियम, ऋण लगानी तथा असुली नीती र लिलामी कार्यविधी अनुसार लिलाम प्रकृया अघि वढाई असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ।

तपशिल

ऋणीको विवरण	ऋणीको विवरण
ऋणीको नाम : मंगल बहादुर तामाङ बाबुको नाम : सम्सेर बहादुर तामाङ बाजेको नाम : लेम्बा तामाङ ठेगाना : बागमती अञ्चल नुवाकोट जिल्ला कल्याणपुर गाविस वाड नं. ५ सदस्य नं. : २७३४	**ऋणीको नाम : सरस्वती खत्री** पतिको नाम : चित्र बहादुर खत्री बाबुको नाम : रविध्वज कार्की ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला मन्थली नगरपालिका वाड नं. १३, फुलासी सदस्य नं. : ४७७०
ऋणीको नाम : ओम प्रकाश आरण बाबुको नाम : खडग राज आरण बाजेको नाम : पदम बहादुर आरण ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला मन्थली नगरपालिका वाड नं. ९ पुरानागाँउ सदस्य नं. :६१२१	**ऋणीको नाम : श्याम कुमार कार्की** बाबुको नाम : चन्द्र बहादुर कार्की बाजेको नाम : नर बहादुर कार्की ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला गोकुलगंगा गाउँपालिका वाड नं. १ चुचुरे सदस्य नं. :६५५७
ऋणीको नाम : धुब्र नेपाली बाबुको नाम : इन्द्र बहादुर दमाई बाजेको नाम : सन्त बहादुर दमाई ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला खाँडादेवी गाउँपालिका वाड नं. ५ पकरबास सदस्य नं. : ४४३२	**ऋणीको नाम : भगवती खड्का कार्की** बाबुको नाम : नेत्र बहादुर खड्का पतिको नाम : सुवन कार्की ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला मन्थली नगरपालिका वाड नं. ५ सुनारपानी सदस्य नं. :३७९७
ऋणीको नाम : मोहन बहादुर थापा बाबुको नाम : रण बहादुर थापा बाजेको नाम : सुर्ज बहादुर थापा ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला शैलुङ्ग दोरम्बा गाउँपालिका वाड नं. ३, टोकरपुर सदस्य नं. : ६६८०	**ऋणीको नाम : कविता मङग्राती** बाबुको नाम : रमेश बहादुर सार्की पतिको नाम : खिल कुमार मङग्राती ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला रामेछाप नगरपालिका वाड नं. ८ रामेछाप सदस्य नं. :६०९१
ऋणीको नाम : अर्जुन कुमार पौडेल बाबुको नाम : केदार बहादुर पौडेल बाजेको नाम : लाल बहादुर पौडेल ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला रामेछाप नगरपालिका वाड नं. २, देउराली सदस्य नं. : ५७७७२	**ऋणीको नाम : काजी कुमार श्रेष्ठ** बाबुको नाम : गणेश बहादुर श्रेष्ठ बाजेको नाम : तुल बहादुर श्रेष्ठ ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला रामेछाप नगरपालिका वाड नं. ७, सुकाजोर सदस्य नं. : २४९०
ऋणीको नाम : होम हरि बखेल बाबुको नाम : गिरी प्रसाद बखेल बाजेको नाम : सोम प्रसाद बखेल ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला रामेछाप नगरपालिका वाड नं. ३, साँघुटार सदस्य नं. : ५०६७	**ऋणीको नाम : प्रकाश बखेल** बाबुको नाम : गिरी प्रसाद बखेल बाजेको नाम : सोम प्रसाद बखेल ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला रामेछाप नगरपालिका वाड नं. ३, साँघुटार सदस्य नं. : ३६९४
ऋणीको नाम : हर्क बहादुर कामी बाबुको नाम : पृथी कामी बाजेको नाम : डम्बरे कामी ठेगाना : बागमती प्रदेश रामेछाप रामेछाप नगरपालिका वाड नं. ८, रामेछाप सदस्य नं : ७८२	**ऋणीको नाम : विमला माझी** बाबुको नाम : जनक कार्की पतिको नाम : चन्द्र बहादुर माझी ठेगाना : बागमती प्रदेश रामेछाप जिल्ला मन्थली नगरपालिका वाड नं. १, मन्थली सदस्य नं : ३३७४
ऋणीको नाम : टेक बहादुर कार्की बाबुको नाम : देव बहादुर कार्की बाजेको नाम : पदम बहादुर कार्की ठेगाना : बागमती प्रदेश रामेछाप रामेछाप नगरपालिका वाड नं. ७, सुकाजोर सदस्य नं : २८०३	**ऋणीको नाम : गंगा मगर** बाबुको नाम : धन कुमार राई पतिको नाम : इन्द बहादुर मगर ठेगाना : बागमती प्रदेश रामेछाप रामेछाप नगरपालिका वाड नं. ७, सुकाजोर सदस्य नं : १६२३
ऋणीको नाम : मनोज क्षेत्री बाबुको नाम : राम बहादुर क्षेत्री बाजेको नाम : रमण सिं क्षेत्री ठेगाना : लुम्वीनी प्रदेश रुपन्देही जिल्ला देवदह नगरपालिका वाड नं. २, सितलनगर सदस्य नं. : ५१०५	**ऋणीको नाम : रन्जन कुमार** बाबुको नाम : भरत प्रसाद बाजेको नाम : बैजनाथ प्रसाद ठेगाना हाल : बागमती प्रदेश रामेछाप जिल्ला मन्थली नगरपालिका वाड नं. १, सदस्य नं. : ५१०९

एमडिएमएसमा...

पृष्ठ १ बाट क्रमशः

पनि मुद्दा दायर गरिएको छ। खनाल सेवानिवृत्त भइसकेका छन्।

त्यस्तै, खरिद प्रक्रियामा संलग्न भएर अनियमितता गरेको आरोपमा प्रतिवादी कायम गरिएका कर्मचारीमा हाल स्तरीकरण महाशाखाका निर्देशक (तत्कालीन उपनिर्देशक/निर्देशक) मीनप्रसाद अर्याल, हाल प्रशासन महाशाखाका निर्देशक (तत्कालीन निर्देशक) दीपेश आचार्य, हाल पूर्वाधार महाशाखाका निर्देशक (तत्कालीन उपनिर्देशक) सुरेन्द्रलाल हाडा छन्। हाल ग्रामीण दूरसञ्चार विकास शाखाका उपनिर्देशक (तत्कालीन सहायक निर्देशक/उपनिर्देशक) विनोदचन्द्र श्रेष्ठ, हाल योजना तथा व्यवस्थापन सूचना प्रणाली शाखाका उपनिर्देशक (तत्कालीन सहायक निर्देशक/उपनिर्देशक) रेवतीराम पन्थ, हाल अनुमतिपत्र व्यवस्थापन शाखाका उपनिर्देशक (तत्कालीन सहायक निर्देशक/उपनिर्देशक) सन्दीप अधिकारी, सोही शाखामा रहेका (तत्कालीन सहायक निर्देशक/उपनिर्देशक) सूर्यप्रसाद लामिछानेलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ। हाल फ्रिक्वेन्सी, सेवा गुणस्तर तथा सेवा प्रवाह अनुगमन शाखाका उपनिर्देशक (तत्कालीन उपनिर्देशक) अच्युतानन्द मिश्र, हाल आर्थिक प्रशासन शाखाका सहायक निर्देशक (तत्कालीन सहायक निर्देशक) विजयकुमार राय यादव, हाल फ्रिक्वेन्सी वितरण तथा व्यवस्थापन शाखाकी सहायक निर्देशक (तत्कालीन सहायक निर्देशक) प्रतीक्षा पौडेल र सोही शाखाका सहायक निर्देशक निराजन कोइरालाविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ।

एमडिएमएसको परामर्शदाता एमरएस न्युमेरा मलेसिया-नमस्ते ग्लोबल कम्युनिकेसन प्रालि सिंगापुर-ओएसआई कन्सल्टिङ प्रालि भारत (जेभी)विरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ। जेभीको नेतृत्वकर्ता साझेदार न्युमेरा मलेसियालाई अलग्गै प्रतिवादी बनाइएको छ। न्युमेराको 'ग्रुप' अध्यक्ष मोद नुर अमिन बिन मोद नुर खान, त्यसै कम्पनीमा कार्यरत रहेका एमडिएमएस खरिद कार्यको वार्तामा संलग्न मोहमेद सिहब बिन कुन्ही मोहमेद, कम्पनीकै प्रमुख कार्यकारी अधिकृत अनुज सिंह एक्स र कम्पनीका उत्पादन विशेषज्ञ जमिल अहमेदलाई अख्तियारले प्रतिवादी कायम गरेको छ। जेभीमा संलग्न अर्को साझेदार कम्पनी नमस्ते ग्लोबल कम्युनिकेसन प्रालि सिंगापुरका निर्देशक कवीन्द्रराज मल्ल पनि प्रतिवादी बनेका छन्। कम्पनी र यी व्यक्तिविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम लाभ प्राप्त गर्ने प्रकृतिको मतियारको कसुरमा हानी भएकै रकमलाई बिगो कायम गरी मुद्दा दायर भएको छ। मुद्दा फैसला हुँदाको मितिको प्रचलित डलरको विनियम दरबमोजिमको थप रकमसमेत गणना गरी बिगो कायम गर्न भनिएको छ। खर्च भएको देखिएको बिगो २३ करोड २० लाख ५९ हजार ३१४ रुपैयाँ उनीहरूबाट असुलउपर हुनुपर्ने मागदाबी अख्तियारको छ।

कसरी भयो अनियमितता ?

प्राधिकरणले एमडिएमएस खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ र ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ र नियम ५ (क) समेतको कानुनी व्यवस्थाबमोजिम खरिदअघि गर्नुपर्ने अनिवार्य कार्यहरू नगरेको अख्तियारको आरोप छ। माग संकलन, आकार, नक्सा, बजार अध्ययन, डिजाइन, प्राविधिक विशेषता, मालसामान नमुना बनाउनुपर्नेजस्ता प्राविधिक विवरण तयारी नगरेको तथा परिमाण, गुणस्तर, समय, प्रकार स्पष्ट नगरी खरिद कार्य यकिन नगरेकोजस्ता त्रुटि खरिदमा देखिएका छन्।

त्यस्तै, परामर्श सेवा वा अन्य प्याकेज निर्धारणका काम नगरेको, लागत अनुमान तयार नगरेको र जनशक्ति, अनुभव, वित्तीय तथा छनोट विधिका योग्यता निर्धारण नगरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। खरिदका सम्बन्धमा विस्तृत अध्ययन गराई स्वीकृत गरेर त्यसैका आधारमा अघि बढ्नुपर्नेमा त्यसो नगरेको भेटिएको छ। सार्वजनिक खरिद ऐनको दफा ६ तथा नियमावलीको नियम ७ बमोजिम खरिदको प्रकार, परिमाण, खरिद विधि, सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद गुरुयोजनामा समावेश गर्नुपर्ने भनी निर्धारण गरेका कानुनी विषयसमेतलाई अनदेखा गरिएको ठहर अख्तियारको छ।

सार्वजनिक खरिद ऐनको दफा ८ बमोजिम वस्तु र परामर्श सेवाको खरिद विधि नै फरक रहेको अवस्थामा दुवै खरिदमा परामर्श सेवा खरिद विधिलाई मात्र आधार लिइएको भेटिएको छ। वस्तु खरिदको मूल्यांकन हुनै नसक्ने अवस्था सिर्जना गरी सार्वजनिक खरिद नियमावलीको दफा ६ बमोजिम निर्माणस्थल (प्राइमरी डाटा सेन्टर) सम्म पनि यकिन नगरी प्रचलित कानुनी प्रावधानको प्रतिकूल हुने गरी बदनियत राखेर कार्य गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

दूरसञ्चार ऐन, २०५३ को दफा ६२ बमोजिम एमडिएमएस विनियमावलीको मस्यौदा तयार गर्नका लागि कार्यविवरणसहित प्राधिकरणले परामर्शदाता लौरासिया एसोसिएट्स, युकेसँग सम्झौता गरेको थियो। सम्झौताको सर्तभन्दा बाहिर आधार, प्रमाण र अध्ययनविना नै बोलपत्र कागजात र लागत अनुमानमा कार्यविवरण र लागत अनुमानका आइटमबीच सामञ्जस्य नदेखिएको पनि अख्तियारको औँल्याएको छ। 'ब्रेकडाउन' सहित पुष्टि नभएको विवरणलाई नै लागत अनुमानका रूपमा ग्रहण गरिएकोसमेत भेटिएको छ।

दूरसञ्चार ऐनको दफा ६२ बमोजिम स्वीकृत एमडिएमएस विनियमावली, २०७५ लाई खरिद गुरुयोजना भनी झुट्टा आधारमा खरिद कार्यको नियमानुसारको सम्भाव्यता अध्ययन तथा मान्यता नै तयार नगरी अस्वाभाविक किसिमबाट बढी लागत देखाई लागतको 'ब्रेकडाउन' नगरेको र त्यही लागत पनि सार्वजनिक खरिद नियमावली र दूरसञ्चार प्राधिकरणको नियमावली, २०७३ बमोजिम नभएको अख्तियारको आरोप छ। ६ महिनामा राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी १३ जनाको सहभागितामा निर्माण गरी कार्यान्वयन गर्ने 'डाटा प्रोसेसिङ' को कार्य गर्ने 'कस्टोमाइज्ड' सफ्टवेयर एमडिएमएसको लागत अनुमान अस्वाभाविक रूपमा एक अर्बभन्दा बढी स्वीकृत गरी तयार गरेको आरोप पनि अख्तियारको छ। कार्यविवरणमा कार्यस्थल (निर्माणस्थल) कतै प्राधिकरणले त कतै परामर्शदाताले उपलब्ध गराउने उल्लेख भएको, माग गरेभन्दा बढी उपकरण राखिएको, मालसामान खरिद गर्दा आवश्यक पर्ने 'बिल अफ क्वान्टिटी' के, कसरी र कुन समयमा पेस गर्ने भन्ने विषय उल्लेख नभएको र सार्वजनिक खरिद ऐनमा विद्युतीय बोलपत्र गर्नुपर्ने व्यवस्था भएकामा कागजी बोलपत्र पेस गरिएकोजस्ता त्रुटि पनि अख्तियारले औँल्याएको छ।

सर्वोच्च अदालतको फैसला, संविधानको गोपनीयताको हक र वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ समेतको कानुनी व्यवस्थाको प्रतिकूल हुने गरी विदेशी कम्पनीलाई सञ्चालन तहको पूर्ण जिम्मेवारी दिई डाटाको गोपनीयता तथा संवेदनशीलता ख्याल नगरेको देखिएको पनि अख्तियारको आरोपपत्रमा उल्लेख छ। कानुनविपरीत बोलपत्र सुरक्षाको प्रावधान राखी प्रतिस्पर्धा सीमित गरेको, 'सपोर्ट सिस्टम आइटम' मा दोहोरिने गरी अस्वाभाविक रूपमा बढी सामान अधिक मूल्य कायम गरी बोलपत्र कागजात स्वीकृतिका लागि पेस गरेकोलगायतका समस्या खरिद प्रक्रियामा देखिएको अख्तियारको दाबी छ। एमडिएमएस खरिदका लागि सार्वजनिक खरिद ऐनबमोजिम लागत अनुमान स्वीकृत नै नगरी प्राधिकरणले परामर्श सेवासम्बन्धी व्यवस्थाअन्तर्गत खुला रूपमा आशयपत्र माग गरी परामर्शदाताको संक्षिप्त सूची प्रकाशन गरेको थियो। लागत अनुमान र बोलपत्र कागजातको पुनरावलोकनका लागि परामर्शदाता नियुक्त गरी त्यसबाट पेस भएको प्रतिवेदनको अनदेखा गरी लागत अनुमान र बोलपत्र स्वीकृत गरेकोसमेत भेटिएको छ।

एमडिएमएस खरिद प्रक्रियामा त्रुटि औँल्याउँदै अख्तियारले आरोपपत्रमा भनेको छ, 'एमडिएमएस खरिद कार्य गर्दा पुस्ट् याइँको आधारविना बदनियतपूर्ण ढंगले अस्वाभाविक बढी काम र लागत देखाई उक्त लागत अनुमान र बोलपत्र स्वीकृत नगराई आशयपत्र जारी गरेको, मनासिब कारणविना लागत अनुमान अस्वाभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने, गलत लिखत तयार गर्ने, सरकारी/सार्वजनिक कागजातहरू लुकाउने/नष्ट गराउने कार्य गरेको पुष्टि हुन आयो।' एमडिएमएस परामर्श सेवा खरिद गर्ने कार्य गर्दा/गराउँदा प्राधिकरणका पदाधिकारी तथा कर्मचारी र परामर्शदाता न्युमेरा जेभीको मिलेमतोमा ९१ करोड ९८ लाख ३० हजार ८८२ रुपैयाँ भ्रष्टाचार भएको अख्तियारको ठहर छ।

यस्तो छ प्रतिवादीमाथिको आरोप

एमडिएमएस खरिदमा भ्रष्टाचार गरेको आरोपमा अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ बमोजिमको कसुरमा तत्कालीन तथा बहालवाला कर्मचारी र पदाधिकारीविरुद्ध ९१ करोड ९८ लाख ३० हजार ८८२ रुपैयाँ बिगो कायम गरेको छ। त्यसमा फैसला हुँदाको मितिको प्रचलित डलरको विनिमय दरबमोजिमको थप रकमसमेत गणना गरी बिगो कायम गर्न अख्तियारले भनेको छ। ऐनको दफा ८ को उपदफा १ बमोजिम कैद र बिगोबमोजिम जरिवाना गर्नुपर्ने अख्तियारको मागदाबी छ। उक्त दफाअनुसार प्रतिवादीहरूलाई तीन महिनादेखि तीन वर्षसम्म कैद सजाय हुन्छ। बिगोबमोजिम जरिवाना गरी खर्च भएको देखिएको २३ करोड २० लाख ५९ हजार ३१४ रुपैयाँ असुलउपर गर्नुपर्ने अख्तियारको मागदाबी छ।

प्राधिकरणको खरिद एकाइका तत्कालीन पदाधिकारी अच्युतानन्द मिश्र, सूर्यप्रसाद लामिछाने, सन्दीप अधिकारी, विजयकुमार राय यादवले सरकारी सार्वजनिक संस्था प्राधिकरणको प्राविधिक मूल्यांकन प्रतिवदेनको कभरिङ पेज, प्रतिवेदनउपर भएको निर्णय, आर्थिक प्रस्ताव खोल्ने निर्णय, मुचुल्का, मोबिलन ट्रेड (जेभी) ले पेस गरेको आर्थिक प्रस्तावसमेतको मूल्यांकन प्रतिवेदन, वार्ता माइन्युटउपर भएको निर्णय, सम्झौता गर्ने र आशयपत्र जारी गर्ने निर्णय तथा न्युमेराले के कसरी मूल्यको ब्रेकडाउन पेस गरेको र त्यसबमोजिम खरिद कार्य गर्ने निर्णयसमेतका कागजातहरू सम्झौताबमोजिम कार्य सम्पन्न भइनसकेको अवस्थामै फेला नपरेको आधारमा उनीहरूले सरकारी सार्वजनिक कागजात लुकाएको तथा नष्ट गरेको पुष्टि हुन आएको अख्तियारको दाबी छ। उनीहरूविरुद्ध सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्नेसम्बन्धीको कसुरमा सजाय मागदाबी भएको छ। यस्तो अवस्थामा कसुरको मात्राअनुसार ६ महिनादेखि एक वर्षसम्म कैद र १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुने र हानीनोक्सानीको असुलउपर गर्ने व्यवस्था छ।

त्यस्तै, प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम खनालसमेतले उल्लिखित सबै आरोपका अतिरिक्त एमडिएमएस सञ्चालनमा नै नआएको अवस्थामा आएको भनी गलत लिखत तयार गरी सूचना प्रकाशन गरेको पुष्टि भएको अख्तियारको दाबी छ। उनीहरूविरुद्ध गलत लिखत तयार गरेको र सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्नेसम्बन्धीको कसुरमा सजाय मागदाबी भएको छ। गलत लिखतअन्तर्गत तीन महिनादेखि एक वर्षसम्म कैद र १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ भने सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सानअन्तर्गत कसुरको मात्राअनुसार ६ महिनादेखि एक वर्षसम्म कैद र १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना हुने र हानीनोक्सानीको असुलउपर गर्ने व्यवस्था छ।

त्यस्तै, विनोद श्रेष्ठ, दीपेश आचार्य, सुरेन्द्रलाल हाडा, रेवतीराम पन्थ, अच्युतानन्द मिश्र, विजयकुमार राय यादवले मूल्यांकन समितिको सदस्य भई न्युमेराले पेस गरेको प्राविधिक प्रस्तावको मूल्यांकन गरी सर्तसहित प्रतिवेदन दिएकामा सर्त पूरा नभई आफैँले दिएको प्रतिवेदनको प्रतिकूल हुने गरी आर्थिक प्रस्ताव खोल्न सिफारिस गरेको अख्तियारको आरोप छ। त्यस्तै, त्यसको मूल्यांकन गरी सम्झौता गर्न सिफारिस गरेको, आर्थिक प्रस्तावको पहिलो भाग मात्र मूल्यांकन गरी दोस्रो भागमा उल्लेख भएको प्राधिकरणको कार्यविवरणविपरीतको सर्त अनदेखा गरी गलत लिखत प्रतिवेदन तयार गरेको आरोप अख्तियारको छ। उनीहरूविरुद्ध गलत लिखतअन्तर्गत तीन महिनादेखि एक वर्षसम्म कैद र १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवानाको मागदाबी अख्तियारले गरेको छ।

तत्कालीन अध्यक्षद्वय झा र खनालविरुद्ध भ्रष्टाचार निवारण ऐनको दफा २४ बमोजिमको मागदाबी अख्तियारले गरेको छ। सार्वजनिक संस्थाको प्रमुख भएकाले उनीहरूमाथि उक्त दफाबमोजिम थप तीन वर्ष कैद सजाय हुन्छ।

नबिल बैंक लिमिटेड, गल्छी शाखा, धादिङको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/१२/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्वन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्वद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

हंस बहादर आले मगरको नाती, गिरि बहादुर मगरको छोरा, धादिङ जिल्ला, सिद्धलेख गा.पा., वडा नं. ०७ बस्ने, ना.प्र.नं. ३९०९३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: धादिङ, (मितिः बि.सं. २०५७/ ०७/०२), भएको **श्री भिम बहादुर मगर।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. तिलक बहादुर आले मगरको नाती, हंस बहादुर आले मगरको छोरा, धादिङ जिल्ला, सिद्धलेख गा.पा., वडा नं. ०७ बस्ने, ना.प्र.नं. २६८७ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: धादिङ, (मितिः बि.सं. २०४४/११/३०), भएको **श्री गिरी बहादुर मगर।**
२. मान बहादुर पुलामी मगरकी छोरी, गिरि बहादुर मगरकी बुहारी, भिम बहादुर मगरकी श्रीमती, गोरखा जिल्ला, घयालचोक, गा.वि.स., वडा नं. ०२, स्थायी घर भई हाल धादिङ जिल्ला, सिद्धलेख गा.पा., वडा नं. ०७ बस्ने, ना.प्र.नं. ८२६३० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (जारी मितिः २०५८/०३/०३), भएकी **श्रीमती नानीमाया पुलामी मगर।**

धितोको विवरण

१. धादिङ जिल्ला, सिद्धलेख गा.पा., वडा नं. ०७ बस्ने, **श्री गिरी बहादुर मगर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ जिल्ला, कुम्पुर गा.वि.स., वडा नं. ०५, नक्सा नं. ५क मा अवस्थित कि.नं. १३ र १४ क्षेत्रफल क्रमश ८-९-१-० र ३-१२-२-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. धादिङ जिल्ला, सिद्धलेख गा.पा., वडा नं. ०७ बस्ने, **श्री भिम बहादुर मगर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ जिल्ला, कुम्पुर गा.वि.स., वडा नं. ०५, नक्सा नं. ५क मा अवस्थित कि.नं. १३१ क्षेत्रफल २-३-०-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

गोर्खा पेन्सनबारे...

पृष्ठ १ बाट क्रमशः

बैठकको नेतृत्व नेपाल सरकारका तर्फबाट बेलायतका लागि राजदूत ज्ञानचन्द्र आचार्य, बेलायत सरकारका तर्फबाट रक्षा राज्यमन्त्री एन्ड्रिउ मुरिसन र भूपू गोर्खाहरूका तर्फबाट पूर्वमेजर जुदबहादुर गुरुङले नेतृत्व गरेका थिए। बुधबारको वार्ता गोर्खा पूर्वसैनिकको पेन्सनका विषयमा केन्द्रित थियो। 'बेलायती रक्षा राज्यमन्त्रीले गोर्खाको समस्यालाई राजनीतिक र कूटनीतिक समाधान खोज्नुपर्छ भन्ने नेपाली पक्षको अडानलाई स्वीकार गरेनन्। उनले त अदालतमा मुद्दा हालेर जित्नुस् त्यसपछि समाधान दिन्छौँ भने,' पूर्वगोर्खाको नेतृत्व गरेका गुरुङले लन्डनबाट टेलिफोनमा भने, 'यसको अर्थ दुई वर्ष सात महिनाअघि जे अवस्था थियो, पेन्सनका विषयमा बेलायत सरकारको अडान त्योभन्दा तल-माथि भएको छैन भन्ने हो। दुःखसाथ भन्नुपर्छ कि अहिले आएर वार्ता शून्य प्रतिफलमा पुगेको छ।'

पछिल्लो वार्तामा पूर्वगोर्खाका प्रतिनिधिहरूले आफूहरूमाथि भएको अन्यायको फेहरिस्त प्रस्तुत गर्दै बेलायतको न्यूनतम धारणा के हो भन्ने प्रश्न गरेका थिए। रक्षा राज्यमन्त्रीको जवाफ थियो, 'सरकार बेलायतको कानुनभन्दा बाहिर जान सक्दैन। यस सम्बन्धमा हाम्रो अदालतले सरकारको पक्षमा फैसला गर्दै आएको हुनाले पुरानो फाइल खोल्न सक्दैनौँ। तपाईंहरू अदालतमा मुद्दा हाल्नुस्। अदालतले जितायो भने क्षतिपूर्तिसहित माग पूरा गर्छौँ होइन भने केही पनि सक्दैनौँ।'

राजदूत आचार्य र पूर्वगोर्खाका नेता गुरुङले यो बेलायतको कानुनी विषय नभएर नेपाल र बेलायतबीचको राजनीतिक र कूटनीतिक विषय भएको उल्लेख गर्दै त्यहीअनुसार सम्बोधन गर्नुपर्ने बताएका थिए। बेलायती राज्यमन्त्रीले पूर्वगोर्खालाई पेन्सन बढाइदिएमा ब्रिटिसहरूले पनि माग गर्ने र सरकारले आर्थिक रूपमा पनि धान्न नसक्ने तर्क गरेका थिए।

'हामीले ब्रिटिसबराबर पेन्सन मागेको हो, उनीहरूको भन्दा बढी मागेका होइनौँ। उनीहरूले विरोध गर्दैनन् भन्ने तर्क पेस गर्‍यौँ। तर, बेलायतका राज्यमन्त्रीले मोननन्,' गोर्खा सत्याग्रह समितिका नेता ज्ञानराज राईले लन्डनबाट टेलिफोनमा भने, 'हामी अब डेढ महिना पर्खिन्छौँ। बेलायतले धारणा बदलेन भने आन्दोलनमा जान्छौँ।' राईले बेलायत वार्ताबाट भाग्न खोजेको, तर नेपाली अधिकारीहरूका कारण वार्ताको ढोका बन्द भने नभएको बताए। राईले पैसाका कारणभन्दा पनि गोर्खालीहरूलाई दुई सय वर्षसम्म शोषण भएको विषय स्थापित हुने डरले बेलायत पन्छिन खोजेको आरोप लगाए।

नेपाली दूतावासका अनुसार बैठकमा यसअघि भएका द्विपक्षीय बैठक तथा प्राविधिक तहमा भएको छलफलको संक्षिप्त समीक्षा भएको थियो। नेपाली राजदूत आचार्यले भूपू-गोर्खाहरूको मुख्य माग समान पेन्सनको मागलाई पुष्टि गर्ने विभिन्न तर्क तथा प्रमाणहरू पेस गर्दै पेन्सनका विषयमा दीर्घकालीन समाधानका लागि अनुरोध गरे। उनले दुई सय वर्षभन्दा लामो दुई देशको सम्बन्धमा गोर्खाहरू मुख्य आधारस्तम्भ भएको पनि उल्लेख गरे। गोर्खाहरूलाई बेलायती सैनिकसरह पेन्सन र सुविधा पाउनुपर्छ भन्नेमा नेपालमा राजनीतिक दल, राज्य संयन्त्र र नागरिक तहमा साझा सहमति रहेको पनि राजदूत आचार्यले ध्यानाकर्षण गराएका थिए।

बैठकमा परराष्ट्र मन्त्रालयका युरोप-अमेरिका महाशाखा प्रमुख गणेशप्रसाद ढकालले उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको सन्देश सुनाएका थिए। भूपू-गोर्खाको माग सम्बोधनको विषयलाई नेपाल सरकारले उच्च प्राथमिकताका साथ हेरिरहेको भन्दै श्रेष्ठले उदारतापूर्वक समाधानका लागि बेलायती पक्षलाई अनुरोध पठाएका थिए।

वार्ताका शृंखला

वार्ता दुई वर्ष सात महिनादेखि जारी थियो। बुधबार चौथौ चरणको वार्ता भएको थियो भने नेपाल र बेलायतबीच २६ मंसिर २०८० मा तेस्रो चरणको वार्ता भएको थियो। त्यसअघि २६ र २७ चैत्र ०७९ दोस्रो चरणको तथा ०७९ कात्तिक १७ गते पहिलो चरणको वार्ता भएको थियो। भूपू-गोर्खा सैनिकले सन् १९९७ भन्दाअघि अवकाश पाएका गोर्खा सैनिकलाई बेलायती सैनिकसरह पेन्सन र कल्याणकारी सुविधा तथा क्षतिपूर्ति दिलाउनुपर्ने माग गर्दै लामो समयदेखि आन्दोलन गर्दै आएका छन्। १८ चैत ०७४ मा भूपू-गोर्खा सैनिकका माग समाधानका लागि सुझाव कार्यदलले प्रतिवेदन दिएको थियो। भूपू-गोर्खा सैनिकले त्यही प्रतिवेदन कार्यान्वयनमा जोड दिँदै आएका छन्। प्रतिवेदनमा गोर्खालाई पनि बेलायतीसरह समान पेन्सन र सुविधा उपलब्ध गराउनुपर्ने उल्लेख छ।

सत्तागठबन्धनमा सहमति कार्यान्वयन सुरु

राष्ट्रिय सभा उपाध्यक्ष अर्यालको राजीनामा

राष्ट्रिय सभा उपाध्यक्ष, राष्ट्रपतिबाट मनोनीत हुने सांसद, मुख्यमन्त्री र मन्त्रीको विषय प्याकेजमै टुंगो लगाइने

प्रेम गौतम/नयाँ पत्रिका

पुरानो गठबन्धन भत्केर बनेको नयाँ समीकरणअनुसार दलहरूबीच भएको सहमति कार्यान्वयन सुरु भएको छ। यसअघि माओवादीबाट नारायण दाहाल राष्ट्रिय सभा अध्यक्षमा निर्वाचित भएका थिए। बुधबार राष्ट्रिय सभा उपाध्यक्ष उर्मिला अर्यालले पदबाट राजीनामा दिएकी छिन्।

शीर्ष नेताहरूको सैद्धान्तिक सहमतिअनुसार पाँच दलको साझा सहमतिमा उपाध्यक्ष एमालेले पाउने अघिल्लो सहमतिको बुँदा हटाइएको छ। यद्यपि, एकीकृत समाजवादीले प्याकेजमै सहमति खोजिने जनाएको छ। एकीकृत समाजवादीकी उपाध्यक्ष एवं राष्ट्रिय सभा सांसद जयन्ती राईले राष्ट्रिय सभा उपाध्यक्ष, राष्ट्रपतिबाट मनोनीत सदस्य, प्रदेशका मुख्यमन्त्री र मन्त्रीको विषय प्याकेजमै टुंगो लाग्ने बताइन्। 'उपाध्यक्षको विषय मात्रै होइन, सबै कुरा प्याकेजमै टुंगो लगाउने कुरा छ। दलहरूको छलफलपछि मात्रै विषय टुंगिन्छ,' उनले भनिन्।



■ **राजेन्द्र गौतम**, प्रचार विभाग प्रमुख, एमाले

उपाध्यक्षमा एमालेको बलियो दाबी छ। तर, अन्तिम निर्णय सत्तासमीकरणमा रहेका दलहरूबीचको समझदारीबाटै हुनेछ।

माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले उपाध्यक्ष एकीकृत समाजवादीलाई दिने सैद्धान्तिक सहमति रहेको बताए। 'उहाँहरूलाई उपाध्यक्ष दिने सैद्धान्तिक सहमति हो। प्रदेशको विषयमा पनि दलहरूबीच छलफल भइरहेको छ। केही दिनमै टुंग्याउने तयारी छ,' उनले भने। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले शीर्ष तहको सहमतिअनुसार नै अगाडि बढ्ने बताए। 'उपाध्यक्षमा एमालेको बलियो दाबी छ। तर, अन्तिम निर्णय सत्तासमीकरणमा रहेका दलहरूबीचको समझदारीबाटै हुनेछ,' उनले भने।

अध्यक्ष पुरुष भएकाले एकीकृत समाजवादीबाट उपाध्यक्ष हुने अवस्थामा जयन्ती राई, मदनकुमारी शाह, गोमादेवी तिमल्सिना, राजेन्द्रलक्ष्मी गैरे र सावित्री मल्लमध्ये एक हुनेछन्। पार्टी उपाध्यक्ष र समिति सभापतिसमेत रहेकी राईले उपाध्यक्षमा इच्छा देखाएकी छैनन्। शाहको सम्भावना बलियो रहेको एक नेताले बताए। एमालेबाट इन्दिरादेवी गौतम, तुलसाकुमारी दाहाल, विमला घिमिरे, भगवती न्यौपाने, शारदादेवी भट्ट, सुमित्रा बिसी र रुक्मिणी कोइराला सांसद छन्। उपाध्यक्ष एमालेले लिए यीमध्ये एक सांसद उपाध्यक्ष हुनेछन्।

कुल ५९ सदस्यीय राष्ट्रिय सभामा माओवादी (अध्यक्षसहित) १८, कांग्रेस १६, एमाले १०, एकीकृत समाजवादी आठ, जसपा तीन, लोसपा, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र एक-एक सदस्य छन्। एकजना राष्ट्रपतिबाट मनोनीत हुन बाँकी छ। पाँच दलीय गठबन्धनतर्फ माओवादी १८, एमाले १०, एकीकृत समाजवादी, जसपा तीन गरी ३९ सदस्य छन् भने विपक्षी गठबन्धनतर्फ कांग्रेस १६, लोसपा र जनमोर्चा एक-एक गरी १८ सदस्य खुलेका छन्।

ओली फर्किएपछि टुंग्याउने तयारी



उपाध्यक्ष निर्वाचनअघि नै प्रदेश सरकारको भागबन्डा टुंग्याउने दलहरूको तयारी छ। प्रदेशमा आलोपालो सरकारको नेतृत्व गर्ने विषय छलफलमा छ। सुरुमा एमालेले तीन, माओवादीले दुई, जसपा र नागरिक उन्मुक्ति पार्टीले एक-एक प्रदेशको नेतृत्व लिने गरी सहमतिको प्रयास भइरहेको नेताहरूले बताएका छन्।


एकीकृत समाजवादीले पनि एउटा प्रदेशको नेतृत्वमा दाबी गरेको छ। एमालेले कोशी, गण्डकी र कर्णाली, माओवादीले बागमती र लुम्बिनी प्रदेशको नेतृत्व लिने गरी छलफल अघि बढेको छ। यद्यपि, बागमती र कर्णालीमा एमाले र माओवादी दुवै दलले दाबी गरेका छन्। मधेशमा जसपा र सूदूरपश्चिममा नागरिक उन्मुक्तिलाई मुख्यमन्त्री दिएर प्रदेशमा नयाँ समीकरणअनुसार सरकार बनाउने तयारी छ।

१२ चैतमा प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच छलफल भएको थियो। जसमा प्रदेश सरकारको भागबन्डा, उपनिर्वाचन केन्द्रित छलफल भएको थियो। एकीकृत समाजवादीले तालमेलका लागि बझाङ दिनुपर्ने अडान राख्यो। त्यही दिन प्रचण्डले पार्टीको बागमती प्रदेशको बैठकमा दुई दिनभित्रै भागबन्डा टुंगिने बताएका थिए। तर, ओली दुई दिनदेखि झापामा छन्। पार्टीको जिल्ला अधिवेशन उद्घाटन गर्न झापा पुगेका ओली अझै फर्किएका छैनन्। ओली फर्किएपछि सत्तारूढ दलहरूको बैठक बसेर सहमति गर्ने तयारी छ। एमाले प्रचार विभाग प्रमुख गौतमले अध्यक्ष ओली पूर्वबाट फर्किएपछि थप छलफल गरेर टुंग्याउने बताए।

स्रोतका अनुसार कोशी प्रदेशको मुख्यमन्त्री एमालेले लिने सहमति भएको छ। मधेश प्रदेश जसपाको भागमा परेको छ। बागमतीमा एमाले र माओवादी दुवैले मुख्यमन्त्रीमा दाबी गरेका छन्। गण्डकी प्रदेशको मुख्यमन्त्री एमालेले लिने मोटामोटी सहमति छ। लुम्बिनी प्रदेश माओवादीले लिने गरी छलफल भइरहेको छ। कर्णालीमा एमाले र माओवादी दुवैले दाबी गरेका छन्। सुदूरपश्चिमको मुख्यमन्त्री नागरिक उन्मुक्ति पार्टीलाई दिएर नयाँ समीकरणअनुसार सरकार बनाउने तयारी छ।

एकीकृत समाजवादीका उपमहासचिव प्रकाश ज्वालाले केन्द्रमा मन्त्रिपरिषद् विस्तार र न्यूनतम साझा नीति तथा कार्यक्रमबाहेक अन्य विषयमा ठोस सहमति नभएको बताए। 'छलफल र संवाद जारी छ। केन्द्रमा मन्त्रिपरिषद् विस्तार र न्यूनतम साझा नीति तथा कार्यक्रमबाहेक अरू ठोस कुरा भएको छैन,' उनले भने। एकीकृत समाजवादीले मधेस र बागमतीमध्ये एक प्रदेशको मुख्यमन्त्री दाबी गरेको छ। जसपा प्रवक्ता मनीष सुमनले कुन प्रदेशमा कसले नेतृत्व लिने भन्नेबारे ठोस सहमति हुन बाँकी रहेको बताए। सबै प्रदेशमा आलोपालो नेतृत्व गर्ने गरी छलफल अघि बढेको उनले बताए। 'आलोपालो गर्ने गरी छलफल भएको छ। निष्कर्ष निस्कन बाँकी छ। मधेशमा जसपाकै नेतृत्वमा सरकार कायम रहनेछ,' उनले भने।

दुई दिनमा प्रचण्ड-देउवाबीच दुई भेट





काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र विपक्षी दलका नेता तथा कांग्रेस सभापति शेरबहादुर देउवाबीच दुई दिनमा दुई भेटवार्ता भएका छन्। गत २१ फागुनमा कांग्रेससँगको समीकरण भत्किएपछि प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति देउवाबीचको पहिलो भेटवार्ता हो। प्रधानमन्त्रीनिवास बालुवाटारमा बिहीबार भएको भेटमा संक्रमणकालीन न्याय, संघीय संसद्लाई सहज रूपमा सञ्चालन गर्नेलगायत विषयमा छलफल भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए। आचार्यका अनुसार प्रधानमन्त्री प्रचण्डले संसद्लाई प्रभावकारी रूपमा सञ्चालनका लागि देउवालाई आग्रह गरेका छन्।

'संक्रमणकालीन न्याय, संवैधानिक परिषद्को बैठक, संसद्लाई प्रभावकारी बनाउने विषयमा छलफल भएको हो,' उनले भने, 'संसद्को हिउँदे अधिवेशनमा विधेयक प्रस्तुत र पारित गर्नुपर्ने भएकाले प्रतिपक्ष दलका नेतासँग छलफल भएको हो। प्रधानमन्त्रीज्यूले सहयोगको आग्रह गर्नुभएको छ।' कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले टिआरसी विधेयक र संसद् गतिरोध अन्त्य गर्ने विषयमा सकारात्मक छलफल भएको बताए। 'हिजो र आज प्रधानमन्त्री र सभापतिज्यूबीच भेट भएको हो। भेटमा मुख्य रूपमा संसद्को गतिरोध अन्त्य कसरी गर्ने भन्ने विषयमा छलफल भएको हो,' उनले भने, 'त्यसबाहेक समसामयिक विषयमा उहाँहरूबीच कुराकानी भयो। शीर्ष तहको भेटमा सबै विषय छलफल हुने नै भए। छलफल सकारात्मक दिशामा अगाडि बढेको छ।' कांग्रेसले गृहमन्त्रीमाथि सहकारी प्रकरणमा संसदीय छानबिनको माग गर्दै आएको छ।

नातामा देवर-भाउजू पर्नेको जबर्जस्ती विवाह गराएर गाउँ निकाला

राजविराजमा **सौरभ यादव**

सप्तरीको सुरुंगा नगरपालिका- ७ हरिपुरमा एक पुरुष र भाउजू नाता पर्ने महिलालाई जबर्जस्ती विवाह गरेर गाउँ निकाला गरिएको छ। उनीहरूलाई अनैतिक सम्बन्धको आरोप लगाएर पञ्चायती बसी गाउँ निकाला गरिएको हो।

पञ्चायतीमा मुख्य भूमिका पूर्ववडाध्यक्ष धनिकलाल साहले गरेका थिए। उनले पञ्चायतीमै दुवैको विवाह गराएर गाउँ निकाला गर्ने निर्णय भएको जानकारी दिए। दुई छोरा र नातिनातिना रहेका महिलाका पति र दुवै छोरा रोजगारीका लागि विदेशमा छन्। गत सोमबार देवर र भाउजूलाई एउटै कोठामा देखेपछि गाउँलेले रातभर बाँधेर राखेका थिए।

मंगलबार बिहान हरिपुरका पूर्ववडाध्यक्ष धनिकलाल साहसहित स्थानीयले गाउँमै पञ्चायती राखेर विवाह गराएर गाउँ निकालाको निर्णय गरेको थियो। सोही निर्णयअनुसार पञ्चायतीमै आरोपित पुरुषलाई भाउजू नाता पर्ने महिलाको सिउँदोमा सिन्दुर हाल्न लगाइएको थियो।

पञ्चायती बसेकै वेला सिन्दुर हालिरहेको भिडियो अहिले सामाजिक सञ्जालमा छताछुल्ल छ। भिडिओमा ती महिला र देवर भनिएका व्यक्तिलाई बीचमा पारेर गाउँलेले घेरा हालेका छन्। महिला बसेर रोइरहेकी देखिन्छिन् भने देवर भनिएका व्यक्ति उभिएका छन्। उनलाई गाउँलेले महिलालाई सिन्दुर हाल्न लगाएको देख्न सकिन्छ। गाउँलेमध्ये एकजनाले ती व्यक्तिलाई दोसल्ला ओढाउँछन्। यत्तिकैमा महिलालाई जबर्जस्ती बसेको ठाउँबाट उठाइन्छ।

देवर भनिएका व्यक्तिले सिन्दुर हाल्छन्। महिलाले रुँदै सिन्दुर पुस्छिन्। सिन्दुर पुछेको विषयमा पनि समाजले आपत्ति जनाउँछ। अन्त्यमा ती व्यक्तिले हातमा समातेर महिलालाई लिएर जान्छन्। गाउँबाट निकालिएपछि दुवैजना अहिले सम्पर्कविहीन छन्।

पञ्चायतीमै निर्णय गरेर गाउँ निकाला गरेका हौँ



● **धनिकलाल साह**, पूर्ववडाध्यक्ष, सुरुंगा नगरपालिका- ७ हरिपुर

हामीले पञ्चायतीमै दुवैको विवाह गराएका हौँ, त्यसपछि गाउँ निकाला गर्ने निर्णय गरेका हौँ। लामो समयदेखि दुवैजनाबीच अनैतिक समबन्ध थियो।

घटनाबारे अनुसन्धान भइरहेको छ



● **डिएसपी ढुण्डीराज नेउपाने**, सप्तरी प्रहरी प्रवक्ता

घटनाबारे बिहीबार मात्र थाहा पाएका हौँ। भाउजू र देवरबीच अनैतिक सम्बन्ध रहेको भन्दै जिम्मा लगाएको भन्ने खबर छ। त्यसपछि दुवैजना गाउँमा छैनन्। प्रहरीले घटनाबारे पनि अनुसन्धान गरिरहेको छ।

भाउजू नाता पर्नेसँग विवाह गराई गाउँ निकाला गरिएपछि आरोपित पुरुषका श्रीमती र दुई नाबालक सन्तान बिचल्ली परेका छन्।

अनैतिक सम्बन्धको आशंकामा समाजबाट बहिष्कार गर्नु कानुनविपरीत रहेको दलित अधिकारकर्मी जीवन रामले बताए। 'यदि कसैले गल्ती गरेको रहेछ भने प्रहरीमा बुझाउनुपर्छ। कानुनअनुसार कारबाही हुन्छ,' उनले भने, 'गाउँमै पञ्चायती राखेर विवाह गराउने अनि गाउँ निकाला गर्ने घटना सरसर गलत हो।'

कर्णालीमा बेपत्ता शाहीको शव भेटियो

धनगढी/ कैलालीको चिसापानीस्थित कर्णाली पुलबाट हाम फालेपछि नदीमा बगेर बेपत्ता लम्की-चुहा नगरपालिका- ३ का ३२ वर्षीय लोकेन्द्र शाहीको शव फेला परेको छ। टीकापुर नगरपालिका- २ स्थित सनकट्टी घाटमा उनको शव बिहीबार दिउँसो फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक पदम विष्टले जानकारी दिए।

प्रहरीका अनुसार शव फेला परेको स्थान चिसापानीबाट करिब १६ किलोमिटरको दक्षिणमा पर्छ। गत सोमबार होली खेलेपछि स्थानीय १७ युवाले सामूहिक रूपमा कर्णाली पुलबाट नदीमा हाम फालेका थिए। पुलमा फोटो खिच्न भन्दै गएका उनीहरूले एकपछि अर्को गर्दै पुलबाट नदीमा हाम फालेका थिए। तीमध्ये शाही बगेर बेपत्ता भएका हुन्। हाम फाल्ने क्रममा शरीर अनियन्त्रित भई उनी पानीमा डुबेका थिए। अन्य १६ जना भने पौडी खेलेर किनारा लागेका थिए। बेपत्ता शाहीको खोजीमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय तथा सशस्त्र प्रहरीको गोताखोर टोली परिचालन गरिएको थियो।

लायकु प्रवेशद्वारमा कंक्रिट प्रयोग भएपछि काम रोक्न पुरातत्त्वको निर्देशन



काठमाडौं/ काभ्रेपलाञ्चोक बनेपा नगरपालिकास्थित ऐतिहासिक लायकु प्रवेशद्वारको प्राचीनता मेटिने गरी पुनर्निर्माण गर्न लागिएको भन्दै पुरातत्त्व विभागले तत्काल निर्माण कार्य रोक्न निर्देशन दिएको छ। नगरपालिकाको ८ र ९ वडाको सीमामा रहेको प्रवेशद्वार बनेपा नगरपालिकाले पुनर्निर्माण गर्न लागेको हो। तर, नगरपालिकाले प्रवेशद्वारमा कंक्रिट प्रयोग गरेको र प्राचीन स्मारक संरक्षण ऐनविपरीत काम गरेको भन्दै विभागले काम रोक्न निर्देशन दिएको हो।

प्रवेशद्वारको निर्माण गर्दा अनावश्यक कंक्रिट प्रयोग गरिएको विभागको ठहर छ। प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र नियमावली, २०४६ विपरीत देखिएकाले निर्माण कार्य रोक्न १२ चैतमा विभागले प्रशासन र बनेपा नगरपालिकालाई निर्देशन दिएको हो। प्रवेशद्वार निर्माण गर्दा आवश्यक समन्वयसमेत नगरेकाले विभागले आपत्तिसमेत जनाएको छ। पुरातत्त्वले निर्देशन दिए पनि अटेर गर्दै नगरपालिकाले प्रवेशद्वार निर्माण गरिरहेको छ।

कंक्रिट प्रयोग गरेर निर्माण हुन लागेको जानकारी पाएपछि विभागले साउनयता काम रोक्न भन्दै चारपटकसम्म निर्देशन दिइसकेको छ। तर, नगरपालिकाले अटेरी गर्दै आइरहेको र मौलिकता मासिने डर देखिएको सम्पदा अभियन्ता श्रीकृष्ण धिमालले जानकारी दिए। उनले सो प्रवेशद्वार निर्माण गर्दा प्राचीनता मेटिन लागेको भन्दै विभागमा निवेदनसमेत दिएका थिए। नगरपालिकाले अटेर गर्दै आएपछि विभागले पुनः निर्देशन दिएको हो। त्यस्तै, सूर्यविनायक-धुलिखेल सडक विस्तारका क्रममा ऐतिहासिक ढुंगेधारा, पाटीपौवा र मठमन्दिर भएकाले त्यसलाई संरक्षण गर्न पनि विभागले सडक विभागलाई निर्देशन दिँदै आएको छ।

Barbara Foundation

बारबरा फाउण्डेसनको आह्वान
खोजमूलक पत्रकारिता पुरस्कार-२०८१

बारबरा फाउन्डेशनबाट दिईने पत्रकारिता पुरस्कार-२०८१ बारे ईच्छुक व्यक्तिलाई आह्वान गर्दछौं। पत्रकारिता जगतले सिंगो राज्य पद्धतीमा सुशासनको खोजी गर्न र कानूनको शासनको थिती बसाल्न पुर्याउँदै आएको कुरा सर्वविदितै छ। यस फाउन्डेशनले सोही कुरालाई केन्द्रमा राखेर यो विशिष्ट पुरस्कारको थालनी गरेको हो।

हरेक २ बर्षको अन्तरमा प्रदान गरिने यस पुरस्कारको कुल धनराशी २५ लाख रुपैयाको हुनेछ। पुरस्कारमा जोडिएको मुद्दाले नेपालको सामाजिक, आर्थिक वा राज्य संयन्त्रमैं परिवर्तन ल्याउन सक्ने वा प्रभाव देखाउन सक्ने तहको सोध/खोजलाई प्रश्रय दिएको हुनुपर्नेछ।

उक्त पुरस्कार पहिलो १५ लाख रुपैयाको, दोश्रो ७ लाख रुपैयाको र तेश्रो ३ लाख रुपैयाको अनुसन्धानमूलक पत्रकारिता पुरस्कार रहने छ।

यसपटक बैशाख २०७९ देखि चैत २०८० सम्म (२४ महिना) भित्रमा प्रकाशन/प्रशारणमा भैसकेका अनुसन्धान मुलक समाचार/सामग्रीले यस प्रतिष्पर्धामा स्थान पाउनेछन्। बैशाख २१, २०८१ (प्रेस फ्रिडम डे, २०२४ मे ३) मा पुरस्कारको घोषणा गरिनेछ।

प्रतिष्पर्धामा आउने सामग्री पत्रपत्रिका, टेलिभिजन, रेडियो, पोडकास्ट वा डिजिटल पोर्टलमा प्रकाशित/प्रसारित हुनुपर्नेछ। यस्ता सामग्रीबारेको आवेदन जो जसले दिएपनि (प्रकाशक, पत्रकार, दर्शक, श्रोता वा पाठक) स्वीकार्य हुनेछ। आवेदकले आफ्नो लेख रचना समाविष्ट गर्दा परिचय स्पष्ट रुपमा खुल्नुपर्नेछ।

नोटः यो निर्णयको सर्वाधिकार संस्थामा निहित रहने छ।

नोटः यो निर्णयको सर्वाधिकार संस्थामा निहित रहने छ।
पत्राचार ठेगाना : बारबरा फाउन्डेसन, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नम्बर : १९८५५ फोन : ९८४३७७३८१७
ईमेल : award.barbarafoundation@gmail.com

नबिल बैंक लिमिटेड, नारायणगढ शाखा, चितवनको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/१२/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवनमा, मिति २०७७/०४/२६ मा प्रमाण पत्र नं. ०१७३ अन्तर्गत दर्ता भएको **श्री गढ कालिका बहुउद्देश्यीय कृषि फार्म।**
ठेगानाः चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २६ चितवन।

ऋणी फर्मका प्रोप्राइटर :
चिन बहादुर श्रेष्ठको नाति, भरत कुमार श्रेष्ठको छोरा, चितवन जिल्ला, दिव्यनगर गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २६ बस्ने, ना.प्र.नं. २१४३, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: चितवन, मिति: बि.सं. २०५१/०२/०१) भएको **श्री तेज कुमार श्रेष्ठ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. चिन बहादुर श्रेष्ठकी बुहारी, भरत कुमार श्रेष्ठकी श्रीमती, चितवन जिल्ला रातापुर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २६ बस्ने, ना.प्र.नं. २४०० (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: चितवन, मिति: बि.सं. २०३७/११/२९) भएकी **श्रीमती जानकी देवी श्रेष्ठ।**
२. भिमलाल श्रेष्ठकी छोरी, भरत कुमार श्रेष्ठकी बुहारी, तेज कुमार श्रेष्ठकी श्रीमती, चितवन जिल्ला, दिव्यनगर गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २६ बस्ने, ना.प्र.नं. १०२३/०३४ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: चितवन, मिति: बि.सं. २०५९/१२/१६) भएकी **श्रीमती पार्वती श्रेष्ठ।**

धितोको विवरण

चितवन जिल्ला, साबिक रातापुर गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल भरतपुर म.न.पा. वडा नं. २६ बस्ने, **श्रीमती जानकी देवी श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, रातापुर गा.वि.स. वडा नं. २ सिट नं. २क मा अवस्थित कि.नं. ४५४ क्षेत्रफल क्रमश ०-१-८.२५ जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१२/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं।
उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया बारामा मिति २०७१/०९/०२ मा प्रा.फ.नं.घ.उ.वि. ३४३९/७१/०७२ कायम भई दर्ता रहेको बारा जिल्ला, कलैया न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **मंगलम ट्रेड कन्सर्न।** **प्रोप्राईटर - सुरेश प्रसाद साह** २. **कैलाश देवि** ना.प्र.नं.- ७५५ जारी मिति - २०४६/०२/२५, जि.प्र.का. बारा बाबु - शिव प्रसाद साह बाजे - खुबलाल साह स्थायी ठेगाना- बारा जिल्ला, प्रस्टोका गा.वि.स. वडा नं. ०९ हालको ठेगाना- बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. ०२	१. **कैलाश देवि**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बरेया गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १६२६ को क्षे.फ. ०-०-१६ (बि.क.धु.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. **कैलाश देवि**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ८१४ को क्षे.फ. ०-०-९ (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। ३. **कैलाश देवि**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, प्रस्टोका गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ८०१ को क्षे.फ. ०-२-१९ (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। ४. **कैलाश देवि**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, कलैया गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ३८४ को क्षे.फ. ०-०-१० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। ५. ऋणी **मंगलम ट्रेड कन्सर्न**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **शुरेस प्रसाद साह** ना.प्र.नं.- १९७३८/४१८३ /३८७६ जारी मिति - २०५६/०५/०१, जि.प्र.का. बारा बाबु -नागेन्द्र प्रसाद तेलि बाजे - नन्दलाल साह तेलि स्थायी ठेगाना- बारा जिल्ला प्रस्टोका गा.वि.स. वडा नं. ०९ हालको ठेगाना- बारा जिल्ला प्रसौनी गा.पा. वडा नं. ०२ २. **जटा शंकर प्रसाद साह** ना.प्र.नं.- ३३२२६२/३६४७/३८१२ जारी मिति - २०५२/०३/१४, जि.प्र.का. बारा बाबु - नागेन्द्र प्रसाद तेलि बाजे - नन्दलाल साह तेलि स्थायी ठेगाना- बारा जिल्ला प्रस्टोका गा.वि.स. वडा नं. ०९. हालको ठेगाना- बारा जिल्ला प्रसौनी गा.पा. वडा नं. ०२	३. **कैलाश देवि** ना.प्र.नं.- ७५५ जारी मिति - २०४६/०२/२५, जि.प्र.का. बारा बाबु - शिव प्रसाद साह बाजे - खुबलाल साह स्थायी ठेगाना- बारा जिल्ला प्रस्टोका गा.वि.स. वडा नं. ०९ हालको ठेगाना- बारा जिल्ला प्रसौनी गा.पा. वडा नं. ०२

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५/२९५

यसरी बन्न सक्छ यथार्थपरक बजेट

बजेटलाई वास्तविक बनाउन ठूलो विज्ञता चाहिँदैन, इमानदार सोच र त्यसलाई कार्यरूप दिने तत्परता भए पुग्छ



● गोपीनाथ मैनाली

अग्रलेख

आर्थिक वर्ष ०७८/७९ का लागि १६४८ अर्बको बजेट तर्जुमा गरिएको थियो । बजेट प्रस्तुत गरिएको केही समयपछि सरकार बदलियो र नीति तथा प्राथमिकता परिवर्तन नगरी १६ अर्बको आकार घटाई १६३२ अर्ब कायम गरियो । आव ०७९/८० का लागि १७९३ अर्बको बजेट तर्जुमा गरिएकामा मध्यावधि समीक्षामा करिब २०० अर्ब घटाई संशोधित अनुमान कायम गरियो । चालू आव ०८०/८१ का लागि १७५१ अर्बको बजेट तर्जुमा गरिएको थियो, जसलाई मध्यावधि समीक्षाका समयमा करिब २२५ अर्ब घटाइयो । कार्यान्वयनपश्चात् मूल्यांकनमा अघिल्ला दुई आर्थिक वर्षका बजेटमा करिब दुई सय अर्ब रुपैयाँजति न्यून देखिएको थियो । चालू आवको बजेट पनि यही प्रवृत्तिको अपवाद नबन्ने संकेत हालसम्मका खर्च तथा प्राप्तिका आँकडाले दिएको छ । संसद्ले स्वीकृत गरेको बजेटमाथि कार्यकारिणीले ठूलो संशोधन गर्न पाउँछ कि पाउँदैन भन्ने बहसको विषय हुन सक्छ । तर, मन्त्री मात्रको परिवर्तनले बजेटका सिद्धान्त तथा प्राथमिकतामा सामान्य परिवर्तन हुनु स्वाभाविक भए पनि उही संयन्त्र र प्रणालीमा आकारमा व्यापक फेरबदल हुने अवस्था रहनुले बजेट तर्जुमाको संरचनात्मक पक्षमा आमूल परिवर्तनको खाँचो देखिन्छ ।

बजेटलाई वास्तविक बनाउनु भनेको सामाजिक वास्तविकतामा आधारित नीति तथा कार्यक्रम ल्याउनु हो । समाजका जल्दाबल्दा आवश्यकतालाई सम्बोधन गर्न सरकार र सरकारी संरचनाबाहिरका पात्र परिचालित हुने अवस्था सिर्जना गर्नु हो । गरिबी घटाउनु र उत्पादनशील रोजगारी सिर्जना गर्न पुँजी र प्रविधि केन्द्रित गरी आर्थिक गतिविधि बढाउनु हो । सरकार, निजी तथा सामुदायिक, सहकारी क्षेत्र र नागरिक तहमा रहेको सम्भावना परिचालन गरेर नै सामाजिक वास्तविकतालाई सम्बोधन गर्न सकिन्छ । पछिल्ला वर्षका बजेटले सरकारी संरचनाबाहिरका पात्रलाई मात्र परिचालन गर्न नसकेको होइन, सम्बन्धित निकायबाट गरिएको प्रतिबद्धताअनुरूप पनि खर्चसमेत हुन नसकेको देखिन्छ । आफैंले संकलन गर्छु भनेको राजस्व संकलन हुन सकेको छैन । विकास साझेदारले प्रतिबद्धता जनाएको अनुदान र प्राविधिक तहमा पर्याप्त अभ्यास गरेर लिइएको ऋण पनि खर्च गर्न र शोधभर्ना लिन सकेको देखिँदैन । यी तथ्यबाट बजेट व्यवस्थापनको सामर्थ्यबाट सरकार बाहिरिँदै गएको त होइन भन्ने प्रश्न उठ्न सक्छ ।

बजेटका अन्तरवस्तुको विश्लेषण गरौं । नेपालको बजेट व्यवस्थापन व्यहारमा कोष व्यवस्थापनको आशयबाट प्रेरित छ । सरकारी खर्चलाई कोष बन्दोबस्ती गर्नुलाई नै बजेट भन्ने गरिएको छ । कोष व्यवस्थापन वा 'मेनेजमेन्ट अफ मनी' सजिलो कुरा हो । असीमित आवश्यकता भएको समाज र लोकतन्त्रका अवसर निर्माण तथा वितरण गरी आर्थिक-सामाजिक रूपान्तरण गर्नु दायित्व रहेको शासकीय व्यवस्थामा बजेटले शास्त्रीय आशय पूरा गरेर मात्र पुग्दैन । निकोलस हेनरीले भनेझैं बजेट एक वर्षको आर्थिक दर्शन, राजकीय तथा सामाजिक स्रोत परिचालन गर्ने नीति तथा प्राथमिकता र सरकारले सम्पादन गर्ने कार्यका लागि स्रोतको भरपर्दो व्यवस्थापन हो । साथै बजेटका केही महत्त्वपूर्ण संयन्त्रात्मक भूमिका पनि हुन्छन् । यो नीतिको सबैभन्दा विश्वासिलो संयन्त्र बन्नुपर्छ । नीतिलाई नतिजामा पुऱ्याउने आधार नदिए बजेट विश्वासिलो संयन्त्र बन्न सक्दैन । बजेटले विकासलाई आधार दिन र परिवर्तनलाई द्योतन गर्न सक्नुपर्छ । विभिन्न वर्ग, क्षेत्र, भूगोल र विषयबीच सम्बन्धको आधार बन्नुपर्छ । न्याय र सन्तुलनको आधार दिन सक्नुपर्छ । उत्पादन र उपभोगबीच सम्बन्ध र सहजीकरण गर्न सक्नुपर्छ । र सबैभन्दा महत्त्वपूर्ण कुरा बजेटले समाजमा सुरक्षा र भविष्यको आशा जगाउन सक्नुपर्छ । यी संयन्त्रात्मक भूमिका निर्वाह गर्न नसके बजेट आफैं त निष्प्रभावी भइहाल्छ, राज्य व्यवस्थामाथि प्रश्न उठाउने आधार दिन पुग्छ ।

बजेटलाई वास्तविक बनाउने काम सामान्य हो । यसका लागि ठूलो विज्ञता चाहिँदैन, इमानदार सोच र त्यसलाई कार्यरूप दिने तत्परता भए पुग्छ । बजेट व्यवस्थापनका तर्जुमा, प्रस्ताव, छलफल, स्वीकृति, कार्यान्वयन र मूल्यांकन चरणबीच तार्किक सम्बन्ध कायम गर्ने प्राविधिक क्षमताले बजेटलाई वास्तविक र कार्यान्वयनयोग्य बनाउँछ । बजेट तर्जुमाको जग राष्ट्रिय योजना आयोगमा रहेको स्रोत समिति हो । यसमा नीति नेतृत्व गर्ने आयोगका अध्यक्ष, खर्च व्यवस्थापनको नेतृत्व गर्ने मालेखा नियन्त्रक, राजस्व तथा सहायता परिचालनको नेतृत्व लिने अर्थ सचिव र सरकारको निक्षेप तथा भुक्तानी व्यवस्थापन गर्ने नेपाल राष्ट्र बैंकका गभर्नर रहेका हुन्छन् । यो प्राविधिक समितिमा वित्तीय आँकडा मात्र रहँदैनन्, अन्तर्राष्ट्रिय गतिविधिको विश्लेषण, आन्तरिक आर्थिक गतिविधिको प्रवृत्ति आकलन र संकेत टिप्न सक्ने क्षमता पनि रहन्छ । यही स्रोत समितिले बजेटको आकार निर्धारण, मार्गदर्शन तयार र मन्त्रालयगत बजेट सीमा वितरण गर्ने काम गर्छ । विनियोजनको आधार तयार गर्ने, प्रस्तावहरूको प्राथमिकीकरण गर्ने काम पनि यसैको हो । पहिलो चरण जति वस्तुनिष्ठ हुन सक्यो, त्यसैको सापेक्षमा अरू चरण वास्तविक हुने हुन् । त्यसपछि सम्बन्धित मन्त्रालय/सचिवालयले प्राप्त सीमा तथा मार्गदर्शनका आधारमा आगामी वर्षका लागि क्रियाकलापमा आधारित खर्च प्रस्ताव र तीनवर्षे अनुमानित खर्च खाका बजेट व्यवस्थापन सूचना प्रणाली (एलएमबिआइएस) मा प्रस्तुत गर्छन् । प्राविधिक तहमा छलफल भई तय भएको बजेट प्रस्तावलाई अर्थमन्त्रीले राजनीतिक संयोजन गरी संघीय संसद्मा प्रस्तुत गर्छन् । बजेटका सिद्धान्त तथा प्राथमिकतामाथि छलफल गर्न १५ फागुनदेखि सुरु हुने संसद्को पूर्वबजेट छलफलले सिद्धान्त र प्राथमिकतालाई परिष्कृत बनाई बजेट वास्तविकताको आधार दिन्छ । साथै बजेट प्रस्तुतिपछि दफाबार छलफलमा आफूले दिएका सुझावअनुरूप नीति र विनियोजन आए-नआएको परीक्षण गरी बजेटलाई संसद्ले स्वीकृत गर्छ । कार्यान्वयन सहजीकरण तथा समीक्षाका लागि कार्यकारिणीभित्र मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय विकास समस्या समाधान समिति र संसद्मा संसदीय समिति रहेका छन् । यस अर्थमा बजेट वास्तविक र कार्यान्वयनयोग्य नहुनुपर्ने कारण देखिँदैन ।



> बजेट वास्तविक नहुँदा समृद्धि तथा रूपान्तरणको यात्रा निरन्तर पछि धकेलिएको छ र जनमानस, विशेषतः युवामा आशाभन्दा निराशा बढ्दै गएको छ । आन्तरिक अर्थतन्त्र उदीयमान छिमेकी अर्थतन्त्रको छायामा पर्दै छ ।

> बजेट व्यवस्थापनका तर्जुमा, प्रस्ताव, छलफल, स्वीकृति, कार्यान्वयन र मूल्यांकनका चरणबीच तार्किक सम्बन्ध कायम गर्ने प्राविधिक क्षमताले बजेटलाई वास्तविक र कार्यान्वयनयोग्य बनाउँछ

तर, यथार्थ बेग्लै छ । बजेटको आकार र वास्तविकताबीच ठूलो खाडल छ । आन्तरिक राजस्व लक्ष्यअनुरूप संकलन हुँदैन भने करिब ४० प्रतिशतजति अर्थतन्त्रको हिस्सा छायामा छ, जसलाई औपचारिक प्रक्रियामा समेट्न सकिए मात्र पनि ठूलो मात्रामा आन्तरिक स्रोत संकलन गर्न सकिन्छ । विनियोजन न्यायपूर्ण र सन्तुलित छैन । प्रभावशाली नेता, कर्मचारीका जिल्लाले विनियोजनमा प्राथमिकता पाउँदै आएका छन्, आवाजविहीन क्षेत्र उपेक्षामा छन् । परिणामतः विकासमा विषमता देखिँदै आएको छ । बजेट खर्चलाई वस्तुनिष्ठ र सामयिक बनाउन बजेट प्रस्तुत गर्ने मिति संविधानमै तोकिएको छ, तर कार्यान्वयनले यसलाई समर्थन गरेको छैन । आयोजना बैंक र मध्यकालीन खर्च संरचना औपचारिक छन्, बजेट कोडिङ मनोगत छ, जसले नीति प्रतिबद्धता र बजेटबीचको अन्तरसम्बन्ध सबल देखाउँदैन । आफ्नै प्रतिबद्धताअनुरूप मन्त्रालयसित खर्च गर्ने सामर्थ्य छैन । रणनीतिक महत्त्वका र राष्ट्रिय गौरवका आयोजनामा खर्च कम हुने गरेको छ । एकातिर कतिपय आयोजना अकोषित/अर्द्धकोषित छन् भने अर्कातर्फ अन्तिम चौमासिकमा कार्यक्रम संशोधन र रकमान्तरले वित्तीय अनुशासनलाई उपेक्षा गरेको छ । निजी तथा सामुदायिक क्षेत्र परिचालनको नीति समीक्षा र सहजीकरणले प्राथमिकता पाएको छैन ।

बजेट वास्तविक नहुँदा समृद्धि तथा रूपान्तरणको यात्रा निरन्तर पछि धकेलिएको छ र जनमानसमा, विशेषतः युवामा आशाभन्दा निराशा बढ्दै गएको छ । आन्तरिक अर्थतन्त्र उदीयमान छिमेकी अर्थतन्त्रको छायामा पर्दै छ । असीको दशकसम्म छिमेकीहरू हाम्रै समकक्षमा थिए । अहिले घातांकीय वृद्धिमा छन् । सन् १९७८ बाट विकास यात्रा सुरु गरेको चीनले आफ्नो 'इकोनोमिक डबल टायम' एकलअंकीय वर्षमा झारेको छ । सत्तरीको दशकबाट कृषि उपजको निर्यात गरेर विकास अभियानमा लागेको भारतले स्पेस टेक्नोलोजीदेखि एसइमईसम्म प्रभाव पार्ने नीति कार्यान्वयन गरी स्वावलम्बी र प्रतिस्पर्धी अर्थतन्त्रको यात्रामा छ । प्राकृतिक स्रोत, जनसांख्यिक अवस्था, भौगोलिक तथा वातावरणीय विविधिता र अवस्थितिगत विशिष्टताले विकासको प्रचुर सम्भावना बोकेको नेपाली अर्थतन्त्रले अबको समय गुमाउनुहुन्न । आगामी वर्षको बजेट त्यसको सन्दर्भ बिन्दु बन्नुपर्छ ।

@mainaligopi

३ प्रश्न

समाजशास्त्री
वीणा झालाई



■ मधेशमा घरेलु हिंसाको 'ग्राफ' अन्यत्रभन्दा उच्च हुनुको कारण के हुन सक्छ ?

समाजमा घट्ने कुनै पनि हिंसाका पछाडि विविध कारण हुन्छन् । मधेशमा जुन किसिमले घरेलु हिंसाको 'ग्राफ' बढेको देखिन्छ, त्यसको मुख्य कारणका रूपमा गुणात्मक शिक्षाको अभाव र सहायक कारणमा सामाजिक, सांस्कृतिक र आर्थिक परिवेशलाई लिन सकिन्छ । मधेशको शिक्षाप्रति राज्य संवेदनशील नभइदिँदा समाजको सशक्तीकरण हुन सकेन । जसका कारण बेरोजगारी, निराशा र अराजकता बढ्यो । समाजमा गहिरो जरा गाडिरहेका असमान शक्ति वितरण र अभ्यास परिमार्जित हुन सकेनन् । पितृसत्तात्मक सोचबाट निर्मित र निर्देशित सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक संरचनाको परिमार्जनसहित पुनर्निर्माण गर्न सक्ने राजनीतिक नेतृत्व मधेशले पाएन । यसले गर्दा मधेशमा घरेलु हिंसाको ग्राफ अन्यत्रभन्दा उच्च देखिएको हुन सक्छ ।

■ यसका लागि हाम्रो समाजको बनोट कति र किन जिम्मेवार छ ?

मधेशको समाजमा गहिरो जरा गाडिरहेको पितृसत्तात्मक सोचबाट प्रभावित सामाजिक संरचना र सामाजिकीकरणको प्रक्रिया समाजमा व्याप्त असमानतालाई सांस्कृतिक विविधताका रूपमा प्रस्ट्याउनमा अभ्यासरत देखिन्छ । सामाजिक बनोटका आधारमा यसलाई जिम्मेवार भन्न सकिन्छ र किन जिम्मेवार भनेर हेर्ने हो भने यसका पछाडि पितृसत्तात्मक सोचलाई संरक्षण गर्ने मानसिकता लुकेको देखिन्छ ।

■ यसको समाधानका उपाय के हुन सक्छन् त ?

यसको समाधानका लागि मुख्य उपाय भनेको सामाजिक सशक्तीकरण नै हो । जसका लागि गुणात्मक शिक्षा आवश्यक हुन्छ, जसले समाजभित्रका सम्भावना र अवसर खोज्न सक्ने क्षमता विकास गर्नुका साथै सामाजिक न्यायप्रति दायित्वबोध गराउन मद्दत गर्छ । मधेशको सन्दर्भमा, पिँधमा रहेका बहुसंख्यक नागरिकको दैनिकी सहज, सुरक्षित र सम्भावनायुक्त बनाउन राज्य संवेदनशील बन्न सके मधेशमा घरेलु हिंसाको ग्राफलाई तल झार्न सकिन्छ ।

प्रेरक प्रसंग

स्वप्न कक्ष

एक सहरमा एक असल मानिस बस्थे । उनको नाम पूर्ण थियो । उनी निकै मिहिनेती र इमानदार थिए । अरूलाई सहयोग गर्न उनी जहिल्यै तयार रहन्थे । यस्तो असल गुण हुँदाहुँदै पनि उनले जीवनमा खासै सफलता पाउन सकेननू । उनी सपना पूरा गर्न इमानदारीपूर्वक मिहिनेत त गर्थे, तर त्यसलाई प्राप्त गर्न असफल हुन्थे । एक दिन अचानक उनको मृत्यु भयो । असल कर्मका कारण देवदूतले उनलाई स्वर्ग लगे । स्वर्ग पुग्दा पूर्ण निकै खुसी भए । देवदूतले पूर्णलाई उनको निवाससम्म पुऱ्याइदिए । भव्य भवनको बाहिर 'पूर्ण निवास' लेखिएको थियो । देवदूतले उनलाई घरका भित्री कोठाहरू देखाए । यो तपाईंको शयन कक्ष, यो तपाईंको मनोरञ्जन कक्ष भनेर कोठाहरू चिनाउँदै देवदूतले उनलाई एक अर्को कक्षबाहिर पुऱ्याए । जसको ढोकामा 'स्वप्न कक्ष' लेखिएको थियो । भित्र पस्नासाथ पूर्ण स्तब्ध बने । त्यहाँ धेरै सामग्रीको ससाना प्रतिरूप राखिएका थिए । ती तिनै घर, गाडी, पद र सुख-सुविधाका प्रतिरूप थिए, जसलाई कुनै समय पूर्णले जीवित रहँदा पाउने कल्पना गरेका थिए ।



पूर्णले ती प्रतिमूर्ति देखाउँदै भने- हे देवदूत ! यी सबै वस्तु, पद आदि मैले जीवित रहँदा प्राप्त गर्ने कल्पना गरेको थिएँ, त्यसका लागि खुब मिहिनेत पनि गरेँ । तर, धर्तीमा रहुन्जेल मैले केही पनि पाइनँ । यहाँ यी ससाना प्रतिरूप राख्नुको अर्थ के हो ? देवदूतले भने- हरेक मान्छेले जीवनमा धेरै चाहना राख्छ । तीमध्ये थोरै चाहना पूरा गर्न गम्भीरतापूर्वक मिहिनेत गर्छ । ईश्वर र यो सिंगो ब्रह्माण्डले ती सपना पूरा गर्न उसलाई सहयोग पनि गर्छन् । तर, कैयौंपटक मानिसले आफ्नो सपना पूरा हुनुअघि नै प्रयास बन्द गर्छ । यहाँ राखिएका यी ससाना प्रतिमूर्तिले तिनै अधुरा, अपूरा सपनालाई दर्साउँछन्, जसलाई प्राप्त गर्न तिमीले धेरै मिहिनेत गरेका थियौ । जब ती तिमीलाई दिने तयारी हुँदै थियो, तिमीले हिम्मत हाऱ्यौ, हरेस खायौ र पछि हट्यौ । हो, तिनैको प्रतिरूप यहाँ राखिएका हुन् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पीडकलाई बहिष्कार गरौं

'घरेलु हिंसा मधेशमा धेरै' शीर्षकको मुख्य समाचार पढ्दा निकै दुःख लाग्यो । हाम्रो समाजका हरेक क्षेत्रमा कुनै न कुनै रूपमा घरेलु हिंसा जीवितै रहेको देखिन्छ । त्यो शिक्षितदेखि अशिक्षित परिवारमा पनि कामय छ । सम्पन्नदेखि विपन्न परिवारमा पनि कायम छ । जुनसुकै धर्मावलम्बी परिवारमा पनि घरेलु हिंसा जीवित छ । हिमाल, पहाड या तराई कुनै पनि क्षेत्रमा हिंसाका कुनै नै कुनै रूप कायम छ । त्यसैले, यस्ता हिंसा कम गर्न जबसम्म हामी कानुनी उपचारको मात्र भर परिरहन्छौं, तबसम्म यस्ता समस्या समाधान हुन सक्दैनन् । यसका लागि हामीले जनचेतना फैलाउनु जरुरी छ । साथै, हामीले पीडकलाई संरक्षण गर्ने होइन, सामाजिक रूपमा पूर्णतः बहिष्कार गर्नु जरुरी छ । यसतर्फ सबैले सचेत भएर कम्मर कसौं ।

● **सुनिता परियार**, ढल्को, काठमाडौं

ऋषिरामलाई शुभकामना

'खुट्टाले लेखेर एसइई दिँदै ऋषिराम' शीर्षकको समाचार पढ्दा खुसी लाग्यो । जन्मजात अपांगता भएर पनि ऋषिरामले जुन उत्साह र हिम्मत देखाएका छन्, त्यसले अरू पनि धेरै अपांगता भएका फरक क्षमताका व्यक्तिलाई हौसला प्राप्त हुन सक्छ । ऋषिरामले खुट्टाले लेखेर आफ्नो अध्ययन अघि बढाउन सक्छन् भने हामी किन सक्दैनौं भनेर सम्भवतः उनको संघर्षबाट सांग व्यक्तिले पनि प्रेरणा लिन सक्छन् । उनलाई साथ र सहयोग दिने बाबुआमासँगै ऋषिरामलाई पनि हार्दिक शुभकामना छ ।

● **गौरव प्रधान**
मंगलबजार, ललितपुर

निकै सकारात्मक समाचार !

सुनकोसी-मरिन डाइभर्सनको सुरुङ निर्माणमा 'विश्वरेकर्ड' कायम हुने गरी एक महिनामै १५०३.३ मिटर लामो सुरुङ खनिएको समाचार निकै सकारात्मक छ । नेपालमा कुनै पनि काम समयमै सम्पन्न हुँदैनन्, यहाँ जे गर्दा पनि ढिलासुस्ती गरिन्छ । समयमै काम सम्पन्न नगर्नु नेपालीको संस्कृति नै बसिसक्यो भन्ने गलत चिनारी बनिसकेको समयमा यस्तो समाचार सुन्दा पनि खुसी लाग्ने रहेछ । यो आयोजना तोकिएको समयभन्दा अगावै सकियो भने भविष्यमा अन्य आयोजना पनि समयमै सक्न दबाब पर्नेछ ।

● **भुवन पाठक**
सानोभ्याङ, काठमाडौं

सहकारी भावना विकास गरौं

पारस्परिक सहयोग र सद्भाव विकास गर्ने मूल मन्त्रलाई आधार मानी स्थापित सहकारी क्षेत्र अहिले गम्भीर समस्यामा परेको देखिन्छ । यस समस्याको मूल जरो भनेको ऋण सापटी लिएर समयमै भुक्तानी नगर्ने र सहकारीप्रति देखाउने हेपाहा प्रवृत्ति नै हो भन्नेमा दुईमत नहोला । अहिले अधिकांश ठूला भनिएका सहकारी संस्था समस्याग्रस्त देखिनुमा यसको भावना र सिद्धान्त प्रतिकूल हुने गरी अनियन्त्रित कारोबारमा आक्रामक्र रूपमा फाल हाल्नु हो । यसका लागि जिम्मेवार व्यक्ति भन्नु नै संस्थालाई नियन्त्रणमा लिई बदनियतपूर्ण सल्लाह दिने र त्यसबाट अनियन्त्रित आर्थिक लाभ लिनेहरू नै हुन् । सस्थाको हितमा नभई आफ्नो व्यक्तिगत स्वार्थ र आर्थिक लाभका लागि मात्रै लालायित हुने नेतृत्व र जिम्मेवार अधिकारी नै सहकारीको यो असफलता या बदनामीमा जिम्मेवार छन् ।

यस्ता तत्त्वबाट सहकारी संस्थालाई भएको हानि-नोक्सानीको क्षतिपूर्ति गराई समयमै यो समस्यालाई टुंग्याउन जरुरी छ । यसका लागि सहकारिका सातसूत्रीय सिद्धान्तलाई आत्मसात् गरी संस्थालाई गतिशील बनाउन सकेमा हाल संकटमा परेको सहकारी क्षेत्र नयाँ गतिसाथ पुनः फस्टाउन सक्नेमा दुई मत छैन । यसतर्फ सबै सहकारीकर्मी सचेत र जागरुक भएमा सहकारी संस्था र बचतकर्ता सदस्य दुवैको हित हुनुका साथै राष्ट्रलाई राजस्व संकलनमा समेत योगदान पुग्न सक्छ ।

● **माधवप्रसाद पुडासैनी**, जोरपाटी, काठमाडौं
mpudasaini71@gmail.com

अमेरिकाको चीनद्वेष

चीनविरुद्ध अमेरिकी आरोपका चाङ राष्ट्रिय सुरक्षाको आडमा अप्रमाणित भयबाट उत्पन्न भइरहेको छ



देश/विदेश

● स्टेफन एस रोच

अमेरिकामा चीनविरोधी भावना सन् २००० को सुरुमा हुवावेले जासुसी गर्छ भन्ने चिन्तासाथ सुरु भएको थियो । अमेरिकाको सन् २०१८-१९ मा प्रतिबन्धले हुवावेको ५ जी दूरसञ्चार उपकरण विकासमा रोक लगायो । तर, हुवावे सुरुवात मात्रै थियो । अमेरिकामा पछि सिनोफोबिया (चीनद्वेष) पूर्ण विकसित प्रकोपका रूपमा फैलियो । सिनोफोबिया एउटा कडा अर्थ जनाउने शब्द हो, जसलाई म हल्का रूपमा प्रयोग गर्दिनँ । अक्सफोर्ड अंग्रेजी शब्दकोशले फोबियालाई 'कुनै विशेष वस्तु वा परिस्थितिबाट उत्पन्न हुने चरम वा तर्कहीन डर वा भय'का रूपमा परिभाषित गर्छ ।

निःसन्देह चिनियाँ खतरा मडारिरहेको छ । चिनियाँ आर्टिफिसिएल इन्टेलिजेन्सको महत्त्वाकांक्षामा अवरोध पुऱ्याउन अमेरिकी सरकारले उन्नत सेमिकन्डक्टरमा चीनको पहुँचलाई प्रतिबन्ध लगाउन निर्यात नियन्त्रण लागू गरेको छ । न्याय विभागले हालै राज्य-प्रायोजित चिनियाँ ह्याकिङ समूहलाई महत्त्वपूर्ण अमेरिकी पूर्वाधारमा लक्ष्य बनाएको आरोप लगाएको छ । चिनियाँ विद्युतीय सवारी साधन (इभी), निर्माण र डक-लोडिङ क्रेन र अहिले टिकटकको कथित जोखिममा अमेरिकाले पहल लिइरहेको छ । भय प्रविधि क्षेत्रभन्दा बाहिर फैलिएको छ । अमेरिकाले सयभन्दा बढी देशसँगको व्यापार घाटालाई द्विपक्षीय मुद्दाका रूपमा गलत पहिचान गरेको थियो र चीनमा कर लगाएको थियो । चिनियाँ सैन्य धम्कीको अतिरञ्जित दाबीले दक्षिण चीन सागर र ताइवान स्ट्रेटमा तनाव बढाएको छ ।

चीनले पनि अमेरिकालाई आर्थिक जासुसी, अनुचित व्यापारिक अभ्यास र मानवअधिकार उल्लंघनको आरोप लगाएको भन्दै 'अमेरिकी फोबिया' (अमेरिकाद्वेष) पनि देखाउँछ । दुवै फोबिया झुटा भाष्यको प्रचुरतासँग सम्बन्धित छन्, जसलाई मैले मेरो हालैको पुस्तक 'एक्सिडेन्टल कन्फ्लिक्ट'मा सम्बोधन गरेको छु । यो पारस्परिक दोषारोपण शृंखलाबीच मेरो चिन्ता पृथक् छ । चीनद्वेषको बढ्दो तीव्रताबाट चिन्तित हुने वैध कारण छन् र यो द्वेष सम्भावित रूपमा अमेरिकामा नियन्त्रणबाहिर गइरहेको छ ।

सन् १९५० को सुरुवातको लालद्वेषी कदमपछि अमेरिकाले विदेशी शक्तिलाई यति अपमानित गरेको छैन । त्यसवेला अमेरिकी सिनेटर जोसेफ म्याकार्थी र हाउस अन-अमेरिकन एक्टिभिटिज कमिटी (एचयुएसी) को नेतृत्वमा कांग्रेसमा दोहोरो रणनीतिले सोभियत जासुसी र त्यसका प्रभावबाट अमेरिकीलाई जोगाउन कथित रूपमा कम्युनिस्टप्रति सहानुभूति राख्ने मानिसलाई तारो बनाएको थियो ।

हाल चिनियाँ कम्युनिस्ट पार्टी सम्बन्धित सदन चयन समितिका अध्यक्ष एवं विस्कन्सिनका प्रतिनिधि माइक ग्यालाघरले चीनविरुद्ध अप्रमाणित आरोप लगाएर एचयुएसीको रणनीतिको झल्को दिइरहेका छन् । उनी आगामी अप्रिलमा सेवानिवृत्त हुनेछन्, तैपनि प्रभाव जारी रहनेछ । विशेषतः टिकटकमाथि प्रतिबन्ध लगाउन सक्ने विधेयकका सह-प्रायोजक र चीनसँग संलग्नतालाई निरुत्साहित गर्ने कंग्रेसको प्रयासको नेतृत्वमा हुँदाको प्रभाव रहिरहनेछ । चीनविरुद्ध अमेरिकी आरोपका चाङ राष्ट्रिय सुरक्षाको आडमा अप्रमाणित भयबाट उत्पन्न भइरहेको छ । र, यी मामिलामा कुनै ठोस प्रमाण केवल चीनको बढ्दो आक्रामकताको परिस्थितिजन्य प्रमाण मात्रै हो । यसले वियोजक तर्कको द्विपक्षीय राजनीतीकरणलाई प्रतिबिम्बित गर्छ । उदाहरणका लागि अमेरिकी वाणिज्य सचिव एवं अग्रणी डेमोक्र्याट जिना रेमन्डो यदि चिनियाँ इभी अमेरिकी राजमार्गमा हतियार बन्यो भने के हुन्छ भनेर हामीलाई कल्पना गर्न भन्छिन् । एफबिआई निर्देशक रहेका डोनाल्ड ट्रम्पबाट नियुक्त एवं पुरातनपन्थी फेडरलिस्ट सोसाइटीका सदस्य चिनियाँ मालवेयरले महत्त्वपूर्ण अमेरिकी पूर्वाधारलाई



तस्बिर : रोबर्टो स्मिड/एएफपी

अक्षम पार्न सक्छ 'यदि चीनले हमला गर्ने समय आएको छ' भनेर चेतावनी दिन्छन् भने । अमेरिकी पूर्वगुप्तचर अधिकारीले चिनियाँ क्रेनमा रहेका सेन्सरलाई जासुसी ट्रोजन घोडासँग तुलना गरेका थिए, तर यसका पछाडि कुनै ठोस प्रमाण छैन ।

चीनविरुद्ध उग्र-अमेरिकी प्रतिक्रिया उत्पन्न गर्ने कारक के हो ? एक्सडेन्टल कन्फ्लिक्टमा मैले अमेरिका लामो समयदेखि प्रतिस्पर्धी विचारधारा र वैकल्पिक शासन प्रणालीप्रति असहिष्णु छ भन्नेमा जोड दिएको छु । 'अमेरिकी अपवादवाद'को दाबीले हामीलाई हाम्रो विचार र मूल्य अरूमाथि थोपर्न बाध्य पार्छ । शीतयुद्धदेखि आजसम्म पनि सत्य यही हो ।

चीनप्रतिको अत्यधिक भयले अमेरिकाको आफ्नै समस्यालाई सहजै छोप्छ । द्विपक्षीय व्यापार घाटाले आजको चीन वा ३५ वर्षपहिलेको जापानजस्ता विशिष्ट देशको अनुचित व्यापारिक अभ्यासलाई उजागर गर्न सक्छ । यद्यपि बृहत् बहुपक्षीय व्यापार घाटा मुख्यतया दीर्घकालीन अमेरिकी बजेट घाटामा निहित छ, जसको परिणामस्वरूप घरेलु बचतको कमी भइरहेको छ ।

प्रविधि खतरा कथित चिनियाँ बौद्धिक सम्पत्ति चोरीको परिणाम मात्र होइन, यसले अनुसन्धान र विकासमा अमेरिकाको अपर्याप्त लगानी र विज्ञानजनित उच्च शिक्षामा भएका कमजोरीलाई पनि झल्काउँछ । आत्मनिरीक्षणको सट्टा अमेरिकी राजनीतिज्ञले चीनलाई दोष दिन राजनीतिक रूपमा सजिलो ठान्छन् । चीनद्वेषी भावना बढ्दै जाँदा भय कथित सत्यमा रूपान्तरण हुँदा चीनसँग अनपेक्षित द्वन्द्वको जोखिम बढ्छ । यी भयको जवाफ दिएर अमेरिकाले रोक्न खोजेको परिदृश्यलाई ब्युँताउने खतरा हुन्छ । ताइवानप्रति चिनियाँ आक्रामकताको चिन्ता यसको उदाहरण हो ।

अमेरिकासँग सुधार गर्ने क्षमता र दायित्व छ । चीनद्वेषलाई चीनबाट आउने खतरालाई आवश्यक प्रतिक्रियाका रूपमा तर्कसंगत बनाउनुको सट्टा अमेरिकी नेताले आफ्नो कद अग्लो बनाउनुपर्छ र थप परिपक्व दृष्टिकोण अपनाउनुपर्छ । विश्वव्यापी नेतृत्वको अभ्यासले पनि यही खोजेको छ । सन् १९३३ मा आफ्नो पदबहाली भाषणमा राष्ट्रपति फ्र्यांकलिन रुजवेल्टले प्रसिद्ध उद्धरणसँगै यो हानिकारक मानसिकताको महत्त्वपूर्ण जोखिमलाई जोड दिएका थिए । रुजवेल्टले 'हाम्रो सबैभन्दा ठूलो भय आफैं हो' भनेका थिए । आजको चीनद्वेषी उन्मादका दौरान रुजवेल्टको सन्देश सम्झनलायक छ ।

(रोच वरिष्ठ अमेरिकी अर्थशास्त्री हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

केजरिवाललाई थप चार दिन हिरासतमा राख्न आदेश



नयाँदिल्ली / भारतको दिल्लीस्थित जिल्ला अदालतले बिहीबार दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवाललाई थप चार दिन हिरासतमा राखेर अनुसन्धान गर्ने अनुमति दिएको छ। अन्तःशुल्क नीतिसँग सम्बन्धित सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अधिकारीहरूले मुख्यमन्त्री केजरिवालकी श्रीमतीको मोबाइलको विवरणमाथि विश्लेषणका लागि थप चार दिनको समय मागेका थिए। सन् २०२४ मार्च २१ मा केजरिवालको घरबाट बरामद गरिएका थप डिजिटल उपकरणको पासवर्ड उपलब्ध गराउन केजरिवालले आफ्ना वकिलसँगको परामर्शका लागि समय माग गरेकाले विवरण प्राप्त हुन बाँकी रहेको भन्दै अनुसन्धानका लागि प्रवर्तन निर्देशनालय (इडी)ले थप चार दिनको म्याद थपिदिन माग गरेको हो।

इडीको मागअनुसार राउज एभेन्युस्थित जिल्ला अदालतका विशेष न्यायाधीश कावेरी बावेजाले अप्रिल १ सम्मका लागि म्याद थप गरेका हुन्। दिल्ली जिल्ला अदालतको आदेशअनुसार केजरिवाललाई मार्च २८ सम्मका लागि इडीको हिरासतमा पठाइएको थियो। अनुसन्धान एजेन्सीले जारी गरेको नौवटा आह्वानलाई गैरकानुनी भनी बेवास्ता गरेपछि बिहीबार साँझ इडीले अन्तःशुल्क नीतिसँग सम्बन्धित भ्रष्टाचारको आरोपमा दिल्लीका मुख्यमन्त्री केजरिवाललाई पक्राउ गरेको थियो।

काठ लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८०।१२।१६

यस सामुदायिक वन क्षेत्रबाट चालु आ.व. २०८०।०८१ मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु संकलन गरी घाटगद्दीमा राखेको साल तथा अन्य जातको गोलिया काठ थान ८४४ को ६३१४.९५ क्यु.फिट र साल तथा अन्य दाउरा १७.५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । डिभिजन वन कार्यालयमा सूचीकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सिलवन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ ।यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

अध्यक्ष

श्री कोइलीचौर साना किसान सामुदायिक वन उपभोक्ता समूह,

वाणगंगा न.पा - ९, भर्तापुर, कपिलवस्तु

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ ।

श्री लालीगुराँस बहुउद्धेशीय सहकारी संस्था लि. को बचतको अनलाईन मागदावी आवेदन पेश गर्ने बारेको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/१६

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०८०/११/२९ को निर्णयानुसार श्री लालीगुराँस बहुउद्धेशीय सहकारी संस्था लिमिटेड, पुल्चोक, ललितपुरलाई सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ बमोजिम उक्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष लेखी आएकोले सहकारी ऐन, २०७४ को दफा ११२ बमोजिम समस्याग्रस्त संस्था वा संघका सदस्य बचतकर्ता तथा साहुहरुलाई आफुले पाउनु पर्ने रकमको यस समितिको वेवसाइट coopmc.gov.np मा गई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अनलाईन मागदावी आवेदन मार्फत सप्रमाण दावी पेश गर्नु हुन सम्बन्धित सरोकारवालाहरुको नाममा यो सूचना प्रकाशित गरिएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८०/१२/१६

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट विभिन्न शिर्षक अन्तरगत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने सावाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने सावँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्नुका साथै राष्ट्रिय दैनिकपत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा मिति वि.सं.२०८०/१०/१८ मा "नयाँपत्रिका" राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना जारी गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाउनु भएको हुँदा यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने रकमको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान गर्नुहुन यो १५ (पन्द्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने सावाँ, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा

ऋणीहरुको नाम र ठेगाना :

१. नाम	: दीपक कुमार के.सी.	२. नाम	: वन्दना रायमाझी
बाबु	: तिर्थ बहादुर के.सी	बाबु	: हिम बहादुर रायमाझी
बाजे	: चन्द्रकान्त के.सी.	बाजे	: जुमान सिहं रायमाझी
पत्नी	: वन्दना रायमाझी	पति	: दीपक कुमार के.सी.
ठेगाना	: नेपालगंज-१२, बांके	ठेगाना	: दयानगर-५, रुपन्देही
हाल	: सिद्धार्थनगर न.पा वडा नं. ८, रुपन्देही	हाल	: सिद्धार्थनगर.न.पा. वडा नं. ८, रुपन्देही
ना.प्र.नं	: १९२८५	ना.प्र.नं	: १६२३४
जारी मिति	: २०४९/०३/०९	जारी मिति	: २०६०/०८/०८
जि.प्र.का.	: बांके	जि.प्र.का.	: रुपन्देही

माथि उल्लेखित कर्जामा धितो राखिएको सम्पत्तिको विवरण

धितो सुरक्षण धनीको नाम :- दीपक कुमार के.सी.

जिल्ला	गा.वि.स./न.पा.	वडा नं/ नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
रुपन्देही	सिद्धार्थनगर	६/१०४०२३७१३	३९६	३६०.०४	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८०/१२/१६

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने सावाँ, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको सावाँ, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण सावाँ, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानूनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण		
१. वाकर्स स्टोर्स प्रा.फ.दर्ता.नं. : ७२३/०७७/०७८ ठेगाना : बर्दघाट ०४, नवलपरासी **कर्जा शीर्षक : अधिविकर्ष कर्जा**	**१. भरत कुवँर** ना.प्र.नं. : ४५४२ जारी मिति : २०४६/०१/३० जि.प्र.का. : नवलपरासी बाबु : भिम बहादुर कुवँर बाजे : भिम लाल कुवँर	**२. कृष्णमाया कुवँर** ना.प्र.नं. : ५७८७३ जारी मिति : २०५७/१२/०३ जि.प्र.का. : नवलपरासी पति : भरत कुवँर ससुरा : भिम बहादुर कुवँर	**३. अमित कुवँर** ना.प्र.नं. : ३६-०१-६२-०१८४६ जारी मिति : २०६२/०३/२६ जि.प्र.का. : नवलपरासी बाबु : भरत कुवँर बाजे : भिम बहादुर कुवँर
धितोको विवरण			
कृष्णमाया कुवँरको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स./न.पा. वडा नं. ४ (ङ) स्थित कि.नं. ५२१ (०-०-०-०.२५ विगाहा), कि.नं. ५२६ (०-०-०-०.५ विगाहा) र कि.नं. ५२२ (०-०-८-०.७५ विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।			
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
२. दिक्षा पोल्ट्री सप्लायर्स प्रा.फ.र.न. : ५३७३/६२/२०७२/२०७३ ठेगाना : हेटौडा ११, मकवानपुर **कर्जा शीर्षक : अधिविकर्ष कर्जा**	**१. दिपक गजुरेल** ना.प्र.नं. : ५३/३५३२५ जारी मिति : २०६३/०२/२८ जि.प्र.का. : मकवानपुर बाबु : चन्द्र शेखर गजुरेल बाजे : रिषि राम गजुरेल	**२. सितादेवी गजुरेल** ना.प्र.नं. : २६/०४६ जारी मिति : २०५३/०१/०४ जि.प्र.का. : मकवानपुर पति : चन्द्र शेखर गजुरेल ससुरा : रिषि राम गजुरेल	**३. चन्द्र शेखर गजुरेल** ना.प्र.नं. : ०२१९७ जारी मिति : २०४२/०१/१० जि.प्र.का. : नुवाकोट बाबु : रिषि राम गजुरेल बाजे : श्रीकृष्ण गजुरेल
	४. रीता श्रेष्ठ ना.प्र.नं. : ४७/३०८८० जारी मिति : २०६२/०९/२२ जि.प्र.का. : मकवानपुर बाबु : गोपाल श्रेष्ठ बाजे : हरि बहादुर श्रेष्ठ	**धितोको विवरण** सितादेवी गजुरेलको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा गा.वि.स. /न.पा. वडा नं. ११ स्थित कि.नं. ६६३८ (०-०-१२.५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।	
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**	**धितोको विवरण**	
३. सरोज अधिकारी ना.प्र.नं. : ५७/३७८५२ जारी मिति : २०६३/०५/२६ जि.प्र.का. : मकवानपुर ठेगाना : हेटौडा ०४, मकवानपुर बाबु : कृष्ण प्रसाद अधिकारी बाजे : गंगा प्रसाद अधिकारी **कर्जा शीर्षक : घर कर्जा**	**कमला गौतम** ना.प्र.नं. : ३१९०७१/५७०५२ जारी मिति : २०६५/१०/२३ जि.प्र.का. : मकवानपुर पति : सरोज अधिकारी ससुरा : कृष्ण प्रसाद अधिकारी	सरोज अधिकारीको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. १६२४६ (०-०-८.२५-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।	
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
४. शिबाय लुक्स वयर इन्टरप्राइजेज प्रा.फ.र.न. : ५२१९/४७०/०७१/०७२ ठेगाना : हेटौडा ४, मकवानपुर **कर्जा शीर्षक : लघु आवधिक कर्जा**	**१. जानकी लामा तामाङ** ना.प्र.नं. : २६५६९ जारी मिति : २०५०/०८/०७ जि.प्र.का. : मकवानपुर पति : सूर्य बहादुर तामाङ ससुरा : राम बहादुर तामाङ	**२. सूर्य बहादुर तामाङ** ना.प्र.नं. : ८७२ जारी मिति : २०४५/०९/२८ जि.प्र.का. : चितवन बाबु : राम बहादुर तामाङ बाजे : जित बहादुर तामाङ	**३. सुमन लामा** ना.प्र.नं. : ३१९०७९/८५७७८ जारी मिति : २०६८/०३/१५ जि.प्र.का. : मकवानपुर बाबु : सूर्य बहादुर तामाङ बाजे : राम बहादुर तामाङ
	४. हिमा लामा ना.प्र.नं. : ३१९०७९/८५७७९ जारी मिति : २०६८/०३/१४ जि.प्र.का. : मकवानपुर बाबु : सूर्य बहादुर तामाङ बाजे : राम बहादुर तामाङ		
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
५. सुभान ग्रिज सप्लायर्स प्रा.फ.र.न. : ७०६६/२६६/२०७४/२०७५ ठेगाना : हेटौडा ४, मकवानपुर **कर्जा शीर्षक : विविध कर्जा**	**१. सुभान मिया धोवी** ना.प्र.नं. : १६२४/२१६७ जारी मिति : २०४५/०१/१४ जि.प्र.का. : बारा बाबु : महमद मिया धोवी बाजे : बाबु जान मिया धोवी	**२. नजीरनी धोवीन** ना.प्र.नं. : १६३०/००७३ जारी मिति : २०४५/०१/१४ जि.प्र.का. : बारा पति : सुभान मिया धोवी ससुरा : महमद मिया धोवी	**३. राम तुल्लह हवारी** ना.प्र.नं. : ३३१०२५/१०७१३ जारी मिति : २०६५/१०/०७ जि.प्र.का. : बारा बाबु : सुभान मिया धोवी बाजे : महमद मिया धोवी
	४. अबदुल्ला हवारी ना.प्र.नं. : ३३-०१-७५-०३४५२ जारी मिति : २०७५/०४/०१ जि.प्र.का. : बारा बाबु : सुभान मिया धोबी बाजे : महमद मिया धोवी	**धितोको विवरण** नजीरनी धोवीनको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ९४८५ (०-०-४.५-० विगाहा) र ९८२१ (०-०-१.७५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।	

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण	धितोको विवरण
६. शुकराम गोडवा ना.प्र.नं. : ५३/२९२ जारी मिति : २०५७/०७/३० जि.प्र.का. : मकवानपुर बाबु : राम बहादुर गोडवा बाजे : धन बहादुर गोडवा **कर्जा शीर्षक : घर कर्जा**	**कला माया गोडवा** ना.प्र.नं. : ३९३०२९/३२५ जारी मिति : २०६३/११/२९ जि.प्र.का. : मकवानपुर पति : शुकराम गोडवा ससुरा : राम बहादुर गोडवा	शुकराम गोडवाको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, निबुवाटार गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. २३० (१-०-०-० रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण		
७. दास कृषि केन्द्र प्राइमेट फर्म दर्ता नं. : १६७९/६७९/०७६/०७७ ठेगाना : हेटौडा ७, मकवानपुर **कर्जा शीर्षक : आवधिक कर्जा**	**१. विन्दवा अहिरीन** ना.प्र.नं. : १९८/१०९८ जारी मिति : २०४४/१२/०९ जि.प्र.का. : बारा पति : अनुठा प्रसाद यादव ससुरा : धनराज राउत	**२. ओम प्रकाश प्रसाद यादव** ना.प्र.नं. : १२८७/१४८१/२२८९० जारी मिति : २०५७/०९/१६ जि.प्र.का. : बारा बाबु : अनुठा प्रसाद यादव बाजे : धनराज राउत	**३. सुमिन्त्रा देवी** ना.प्र.नं. : ३३-०१-७५-०४४७९ जारी मिति : २०७५/०५/०३ जि.प्र.का. : बारा पति : ओम प्रकाश प्रसाद यादव ससुरा : अनुठा प्रसाद यादव
	४. पप्पु प्रसाद यादव ना.प्र.नं. : ३४०५५/१५००/१६३७ जारी मिति : २०६१/१२/०३ जि.प्र.का. : बारा बाबु : अनुठा प्रसाद यादव बाजे : धनराज राउत	**६. चिन्दा देवी यादव** ना.प्र.नं. : ३३-०१-७५-०५९८२ जारी मिति : २०७५/०६/२५ जि.प्र.का. : बारा पति : पप्पु प्रसाद यादव ससुरा : अनुठा प्रसाद यादव	
धितोको विवरण			
विन्दवा अहिरीनको नाममा बारा जिल्ला मालपोत कार्यालय कलैया, बारामा दर्ता कायम रहेको बारा जिल्ला, मझरिया गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ६२४ (०-०-३-० विगाहा) र कि.नं. ८०६ (०-०-१५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।			
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
८. लखन थारू ना.प्र.नं. : १९२१५ जारी मिति : २०५२/०८/१८ जि.प्र.का. : रुपन्देही ठेगाना : सैनामैना ०९, रुपन्देही बाबु : मङरा प्रसाद थारु बाजे : बल्लु थारु **कर्जा शीर्षक : लघु आवधिक कर्जा**	**१. पार्वती थारू** ना.प्र.नं. : २१७३० जारी मिति : २०६०/०५/१७ जि.प्र.का. : रुपन्देही पति : लखन थारु ससुरा : मङरा प्रसाद थारु	**२. विशाल थारू** ना.प्र.नं. : ३७-०२-०५-००२५१ जारी मिति : २०७५/०१/११ जि.प्र.का. : रुपन्देही बाबु : लखन थारु बाजे : मङरा प्रसाद थारु
धितोको विवरण			
लखन थारुको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स./न.पा. वडा नं. ४(क) स्थित कि.नं. ४१२ (०-०-११.५-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।		
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
९. मैना देवी देवकोटा ना.प्र.नं. : ५१५ जारी मिति : २०४५/०२/०६ जि.प्र.का. : चितवन ठेगाना : रत्ननगर १९, चितवन पति : भक्त बहादुर देवकोटा ससुरा : मेघ बहादुर देवकोटा **कर्जा शीर्षक : आवास कर्जा**	**१. राज कुमार देवकोटा** ना.प्र.नं. : ३५३०७/१०३ जारी मिति : २०६३/११/१५ जि.प्र.का. : चितवन बाबु : भक्त बहादुर देवकोटा बाजे : मेघ बहादुर देवकोटा	**२. विष्णु माया देवकोटा** ना.प्र.नं. : ३५३०७/१०२ जारी मिति : २०६३/११/१५ जि.प्र.का. : चितवन पति : श्याम बहादुर देवकोटा ससुरा : भक्त बहादुर देवकोटा	**३. प्रमोद रिजाल** ना.प्र.नं. : २०२०/०४४ जारी मिति २०५७/०२/१६ जि.प्र.का. : चितवन बाबु : बिनोद प्रसाद रिजाल बाजे : हरिलाल रिजाल
धितोको विवरण			
मैना देवी देवकोटाको नाममा चितवन जिल्ला मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला हाजीपुर गा.वि.स./न.पा. वडा नं. १ (क) स्थित कि.नं. ९१६ (०-१-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।			
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
१०. निरु तमाङ ना.प्र.नं. : १३४ जारी मिति : २०५२/०८/२५ जि.प्र.का. : चितवन पति : शंकर सिं तमाङ ससुरा : सोम बहादुर तमाङ	**शंकर सिं तमाङ** ना.प्र.नं. : १०२९/०३५ जारी मिति : २०४९/०८/२९ जि.प्र.का. : चितवन बाबु : सोम बहादुर तमाङ बाजे : यम बहादुर तमाङ		
ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताको विवरण**		
११. क) होटल ल्याण्ड रेष्टुरेन्ट एण्ड बार प्रा.फ. : ६८/२१८/१२७०१ ठेगाना : तोपगाछी ०५, झापा **(ख) सन्जीत कुमार लिम्बु र लाल कुमारी लिम्बु** ठेगाना : सिद्धार्थचोक ०४, झापा **१. सन्जीत कुमार लिम्बु** ना.प्र.नं. : ३५३ जारी मिति : २०६२/०२/२२ जि.प्र.का. : घनकुटा बाबु : राम बहादुर लिम्बु बाजे : चन्द्र बहादुर लिम्बु **२. लाल कुमारी लिम्बु** ना.प्र.नं. : १२११ जारी मिति : २०५३/१२/२० जि.प्र.का. : घनकुटा पति : राम बहादुर लिम्बु ससुरा : चन्द्र बहादुर लिम्बु **कर्जा शीर्षक : धितो कर्जा**	**१. सन्जीत कुमार लिम्बु** ना.प्र.नं. : ३५३ जारी मिति : २०६२/०२/२२ जि.प्र.का. : घनकुटा बाबु : राम बहादुर लिम्बु बाजे : चन्द्र बहादुर लिम्बु	**२. लाल कुमारी लिम्बु** ना.प्र.नं. : १२११ जारी मिति : २०५३/१२/२० जि.प्र.का. : घनकुटा पति : राम बहादुर लिम्बु ससुरा : चन्द्र बहादुर लिम्बु	**३. रिनु सुब्बा** ना.प्र.नं. : ९७७३१५५२ जारी मिति : २०६१/०६/२६ जि.प्र.का. : झापा पति : सन्जीत कुमार लिम्बु ससुरा : राम बहादुर लिम्बु
	धितोको विवरण १. लाल कुमारी लिम्बुको नाममा झापा जिल्ला मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, तोपगाछी गा.वि.स./न.पा. वडा नं. ४(न) स्थित कि.नं. ३०७६ (०-१-१.७५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । २. लाल कुमारी लिम्बुको नाममा झापा जिल्ला मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, तोपगाछी गा.वि.स./न.पा. वडा नं. ४ (थ) स्थित कि.नं. ५८४ (०-५-१०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।		

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १६ चैत ०८०

भारतले दिउँसो १२ घण्टा मात्रै विद्युत् दिने सोमबारदेखि रातमा हुन सक्छ लोडसेडिङ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतले १२ घण्टा मात्रै (बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म) विद्युत् आयात गर्न मिल्ने गरी नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ। बिहीबार भारतले तीन महिना अर्थात् १६ असार (३० जुन)सम्म विद्युत् किन्न स्वीकृत दिएको प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले बताए। त्यो पनि एक सय ५० मेगावाट घटाएर तीन महिनाका लागि आफ्नो खुला बजारबाट नेपाललाई विद्युत् बिक्री गर्ने भएको हो। भारतले यसअघि विद्युत् आयात गर्न दिएको अनुमतिको म्याद आगामी आइतबार सकिँदै छ। यसअघि एक वर्षका लागि यस्तो सम्झौता नवीकरण हुने गर्थ्यो। यद्यपि, असारपछि नेपालमा बर्खाका कारण विद्युत् उत्पादन बढ्दा निर्यात नै गर्न सकिन्छ। तर, आगामी हिउँदमा विद्युत् आयात गर्न पुनः स्वीकृत लिनुपर्नेछ।

पहिला ढल्केबरबाट ६ सय ५० र टनकपुरबाट ५४ मेगावाट विद्युत् आयात गर्न पाउने स्वीकृति थियो। तर, अहिले ढल्केबर-मुजफ्फरपुरबाट पाँच सय र टनकपुर-महेन्द्रनगरबाट ५४ मेगावाट विद्युत् आयात गर्न पाइनेछ। बिहीबार अनुमतिपत्रको नवीकरण भएसँगै दिउँसोको समयमा हुन सक्ने लोडसेडिङ टरेको छ। तर, सोमबारबाट रातिको समयमा लोडसेडिङ हुने सम्भावना देखिएको छ।

अनुमतिपत्र एक वर्षका लागि नवीकरण गर्न प्राधिकरणले तीन महिनाअघि नै प्रस्ताव पठाएको थियो। तर, भारतले चुनावमा बढी विद्युत् चाहिने बहाना गर्दै अनुमतिपत्र नवीकरण गर्न आनाकानी गरेको थियो। साथै, सत्ता गठबन्धनमा आएको परिवर्तन, दीर्घकालीन विद्युत् व्यापार सम्झौताविरुद्ध सर्वोच्च अदालतमा परेको रिटलगायतका कारण पनि भारतले अनुमतिपत्र नवीकरण गर्न आनाकानी गरेको बताइन्छ। यद्यपि, भारतले बंगलादेशलाई पनि यही मोडेलमा विद्युत् किन्ने स्वीकृति दिएको छ।

भारतबाट व्यापारिक रूपमा चैत ०७७ बाट विद्युत् आयात सुरु भएको थियो। कात्तिक ०७८ देखि भने भारतमा विद्युत् निर्यात सुरु भएको थियो। हिउँदमा आयात र बर्खामा निर्यात हुने गर्छ। यससम्बन्धी छुट्टाछुट्टै अनुमतिपत्र हरेक वर्ष नवीकरण गर्नुपर्छ। यसमा नेपालको कुनै अधिकार सिर्जना हुँदैन। भारतले जसरी स्वीकृत दिन्छ, सोहीअनुसार नै नेपालले विद्युत् खरिद-बिक्री गर्न पाउने प्राधिकरण पूर्वउपकार्यकारी निर्देशक प्रबल अधिकारी बताउँछन्।

'यो कुनै विद्युत् खरिद-बिक्री सम्झौता होइन। यसमा कुनै सर्त पनि लागू हुँदैन। भारतले दिएको स्वीकृत हो,' उनले भने, 'भारतले जसरी स्वीकृत दिन्छ, सोहीअनुसार विद्युत् खरिद-बिक्री गर्ने हो। यसमा हाम्रो छुट्टै अधिकारी सिर्जना हुँदैन।'

■ यसरी हुन सक्छ रातमा लोडसेडिङ

नेपाललाई पिक आवर (बिहान ६ देखि १० बजे र साँझ ६ देखि १०-११ बजेसम्म) १८ सयदेखि २२ सय मेगावाटसम्म विद्युत् चाहिन्छ। अहिले पिक आवरमा उद्योगहरूको विद्युत् कटौती गरेर १७-१८ सय मेगावाट विद्युत् खपत भइरहेको छ। अहिले नेपालमा विद्युत्को जडित क्षमता २९ सय मेगावाट हाराहारी छ। बर्खामा



ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंह भन्छन्- भारतले दिउँसोको समयमा विद्युत् दिने गरी स्वीकृत पठाइसकेको छ। त्यसले दिउँसोको विद्युत् मागलाई सम्बोधन गर्न सहज हुनेछ। तर, रातिको समयका लागि भने चुनौती नै छ। तसर्थ, रातिको समयमा पनि विद्युत् उपलब्ध गराउन भारतमा पहल गरिरहेका छौं। यसमा सकारात्मक आशा गरौं।

भारतबाट दिउँसो पाँच सय ४४ मेगावाट विद्युत् आयात गर्दा स्वदेशी माग धान्न सकिन्छ। तर, रातको समयमा भने विद्युत् आपूर्तिमा केही चुनौती हुन सक्ने प्राधिकरणका प्रवक्ता घोष बताउँछन्। अब गर्मीको सिजन आएसँगै राति पंखा, एसीहरूको प्रयोग बढ्छ, त्यसले विद्युत्को माग थप बढाउनेछ। रातिको पिक आवर ५-६ बजेदेखि १० बजेसम्म झन्डै १८ सय मेगावाट विद्युत् चाहिन्छ। तर, स्वदेशी उत्पादन भने बढीमा १२ सय मेगावाटसम्म हुन्छ। त्यो अवस्थामा रातिको समयमा लोडसेडिङ गर्ने अवस्था आउने प्राधिकरणका एक उच्च अधिकारीले बताए। 'सकेसम्म घरायसी क्षेत्रमा लोडसेडिङ हुन दिँदैनौ। तर, उद्योगहरूमा भने विद्युत् कटौती हुन सक्छ,' स्रोतले भन्यो, 'हामीले भारतलाई राति पनि विद्युत् उपलब्ध गराउन प्रस्ताव गरेका छौं। त्यो स्वीकृत भयो भने समस्या हुँदैन।'

■ जलाशय र अर्धजलाशय आयोजना पिक आवरमा मात्रै चलाउने तयारी

भारतले रातिको समयमा विद्युत् नदिने भएसँगै प्राधिकरणले जलाशय र अर्धजलाशय आयोजना पिक आवरमा मात्रै सञ्चालन गर्ने योजना बनाएको छ। एक मात्रै जलाशययुक्त आयोजना कुलेखानीबाट क्यासकेडसहित एक सय ६ मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ। यीबाहेक चार सय ५६ मेगावाटको जडित क्षमतामै विद्युत् उत्पादन हुने हुँदा निर्यात गर्न सकिन्छ। तर, हिउँदमा जडित क्षमताको ३०-४० प्रतिशत मात्रै उत्पादन हुन्छ। अहिले पिक आवरमा मुस्किलले एक हजारदेखि १२ सय मेगावाटसम्म विद्युत् उत्पादन भइरहेको छ। स्वदेशी माग धान्न ६ सय ५० मेगावाटसम्म विद्युत् आयात गरिएको छ। माथिल्लो तामाकोशी, एक सय ४४ मेगावाटको कालीगण्डकी, ६९ मर्स्याङ्दी, ७० मेगावाटको मध्य-मर्स्याङ्दी, २२ मेगावाटको चिलिमे र ३० मेगावाटको चमेलिया जलविद्युत् आयोजनालाई अर्धजलाशय मोडेलमा सञ्चालन गर्न सकिन्छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit सर्वोत्तम रेमिट

पर्यटन विकासका लागि संसदीय समितिलाई सातबुँदे सुझाव

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघको पर्यटन तथा हवाई यातायात समितिले पर्यटन विकासमा पहल गरिदिन भन्दै संसदीय समितिलाई सातबुँदे सुझाव पेस गरेको छ। महासंघले पर्यटनको दिगो विकासका लागि टास्कफोर्स गठन गर्नुपर्ने, भारतीय पर्यटकले पाउने नगदको सीमा बढाउनुपर्ने, तारे होटेलमा लगाइएको लक्जरी कर हटाउनुपर्ने, हवाई टिकट खरिदमा लगाइएको मूल्य अभिवृद्धि कर हटाउनुपर्ने, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा भएको रोयल्टीको व्यवस्थालाई संशोधन गर्नुपर्ने, होटेललाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगमा वर्गीकरण गर्नुपर्नेजस्ता माग राखेको छ।

संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिका अध्यक्ष राजकिशोर यादवले महासंघका माग देशको हितमा भएको बताउँदै तत्काल सम्बद्ध निकायसँग छलफल गरी निकास दिने प्रतिबद्धता व्यक्त गरे। पर्यटन ऐन, २०३५ संशोधनका लागि कानुन मन्त्रालय र पर्यटन मन्त्रालयसँग समन्वय गर्ने उनले बताएका छन्।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले पर्यटन उद्योगमा देखिएका चुनौतीलाई सरकारले सक्रिय रूपमा सम्बोधन गर्दै प्रभावकारी समाधान खोज्नुपर्ने बताए। साथै, उनले यस क्षेत्रभित्रको विकास र नवप्रवर्तनलाई बढावा दिन सोहीअनुरूप नीति-नियम संशोधन हुनुपर्ने बताए। महासंघको पर्यटन तथा हवाई यातायात समितिका सभापति देशबन्धु (अजित) बस्नेतले सरकारले हवाई टिकटमा लाग्दै आएको भ्याट र होटेलमा लगाइएको विलासी करलाई हटाउनुपर्ने बताए।

चैते धानको समर्थन मूल्य

काठमाडौं/ सरकारले पहिलोपटक चैते धानको समर्थन मूल्य तोकेको छ। चालू आर्थिक वर्ष ०८०/८१ का लागि बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार सात सय सात रुपैयाँ २८ पैसा निर्धारण गरेको हो।

त्यस्तै, १८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा १ प्रतिशत चिस्यानका लागि प्रतिक्विन्टल १२ सय ग्रामका दरले हुन आउने तौल घटाई कायम हुन आउने तौलका आधारमा न्यूनतम समर्थन मूल्य कायम गर्ने निर्णय गरिएको छ। यसअघि बर्खे धानको मात्र समर्थन मूल्य तोकिँदै आएको थियो। यसपटकबाट चैते धानमा पनि उलेख्य सुधार ल्याउने गरी किसानलाई आकर्षण गर्न र उत्पादन बढाउन समर्थन मूल्य तोकिएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता सबनम सिवाकोटीले बताइन्।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
